जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ •अंक २५२ • २०८१ साल माघ २४ गते बिहीबार (6 February, Thursday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-


## अमेरिकाको ८७ अर्बको कार्यक्रमको भविष्य अनिश्चित

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालमा अमेरिकी प्रमुख वैदेशिक सहायता संस्था युनाइटेड स्टेट्स एजेन्सी फर इन्टरनेशनल डेभलपमेन्ट (यूएसएड) मार्फत ६५ करोड ९० लाख अमेरिकी डलर (करिब ८७ अर्ब रुपैयाँ)को कार्यक्रमको भविष्य अनिश्चित भएको छ।

> यूएसएडले अर्थमन्त्रालयलाई पत्र लेख्दै ४ प्रकारका आयोजनामा प्राप्त अनुदान सहयोग तत्काल ९० दिनका लागि रोकिएको जानकारी गराएसँगै नेपाल सरकारको बजेटरी सिस्टममा भएका बाहेक अन्य सहयोग तत्काल नआउने भएको छ ।

नेपाल सरकारसँग सम्झौता भएर सन् २०२२ देखि ०२७ सम्मका लागि सञ्चालनमा रहेका यूएसएडका सम्पूर्ण कार्यक्रम अर्थात् ३५ वटा रहेको अर्थ मन्त्रायलयले जनाएको छ।

नेपाल सरकारको बजेटरी सिस्टमबाट सञ्चालन हुने यस्ता कार्यक्रम ७ लाख १७ करोड डलरको रहेको छ भने बाँकी ५८ करोड ७३ लाख डलरको कार्यक्रम अमेरिकी विकास साझेदारसँगको सहकार्यमा सञ्चालित रहेको छ।

दोस्रो पटक अमेरिकी राष्ट्रपति बनेका डोनाल्ड ट्रम्पले यूएसएडले विश्वभर दिएको कार्यक्रम रोक्ने निर्णय गरेसँगै नेपाललाई दिने आर्थिक सहयोग पनि स्थगित गरिएको छ।

यूएसएडले अर्थमन्त्रालयलाई पत्र लेख्दै ४ प्रकारका आयोजनामा प्राप्त अनुदान सहयोग तत्काल ९० दिनका लागि रोकिएको जानकारी गराएसँगै नेपाल सरकारको बजेटरी सिस्टममा भएका बाहेक अन्य सहयोग तत्काल नआउने भएको छ।

यूएसएडले नेपाललाई उपलब्ध गराउने कार्यक्रम अहिले ९० दिनको लागि स्थगित भएसँगै यूएसएड स्रोततर्फ कुनै दायित्व सिर्जना नहुने र नयाँ दायित्व सिर्जना हुने गरी काम समेत गर्न स्थगित गरिएको छ।

यूएसएडले नेपालालाई स्वास्थ्य, कृषि, शिक्षा र समावेशी नीति सम्बन्धी प्रत्यक्ष वित्तीयकरण परियोजनाका लागि अनुदान दिँदै आएको थियो । सो कार्यक्रम हाललाई स्थगित गरिएको छ।

### सत्ता बार्गेनिंगमा यादव

## अध्यादेशमा जसपा नेपालको समर्थनबारे आज निर्णय गर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको नेतृत्व चहार्दै आएका जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले सत्ता बार्गेनिंगको मौका पाउनासाथ प्रधानमन्त्री केपी शर्मा ओलीले ल्याउन लागेको अध्यादेशमा समर्थन गर्ने संकेत गरेका छन् ।

प्रतिनिधिसभामा पाँच सिट र राष्ट्रिय सभामा तीन सिट रहेको जसपा नेपाल अहिले सत्तासँग बार्गेनिङको निर्णायक चरणमा रहेको छ।

सरकारलाई समर्थन गरे पनि संघीय तथा प्रदेश कुनै पनि सरकारमा जसाप नेपाल सामेल छैन । तर सरकारले ल्याएको ६ वटा अध्यादेश जसपा नेपालकै कारण राष्ट्रियसभामा अड्किने देखिएपछि प्रधानमन्त्री ओलीसंग अध्यक्ष यादव बार्गेनिंगको निर्णायक चरणमा पुगेको स्रोतको दाबी छ। यस्तो अवस्थामा यस पार्टीलाई अहिले सत्ताधारी र विपक्षी दुवैले खोजिरहेका छन् ।



सत्तागठबन्धनका घटक नेकपा एमालेका अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले जसपा नेपालका अध्यक्ष यादवलाई फोन नै गरेर अध्यादेशमा सहयोग गर्न आग्रह गरिसकेका छन् । मुख्य विपक्षी नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल' प्रचण्ड'ले पनि अध्यक्ष यादवलाई सम्पर्क गरेर अध्यादेशविरुद्ध उभिन आग्रह गरेका छन् ।

एमाले-माओवादी केन्द्रको गठबन्धन बनेपछि मधेश सरकारबाट बाहिरिनु पर्दा चित्त दुखाइरहेको जसपा नेपाल आफ्नो पार्टी विभाजनका कारण संघ सरकारबाट बाहिरिए पनि प्रदेश सरकार नछाड्ने मनस्थितिमा थिए। जसका कारणले गर्दा अहिले पनि कुनै न कुनै रुपमा भए पनि मधेश प्रदेश सरकारको नेतृत्व हत्याउन दाउमा रहेको एक नेताले बताए।

एमाले-कांग्रेस गठबन्धन बनेपछि अध्यक्ष यादव मधेश प्रदेशमा सरकारको नेतृत्व लिने सोचमा थिए। त्यसका लागि उनले प्रधानमन्त्री ओली र सभापति देउवासँग पनि पटक पटक छलफल पनि गरेका थिए, तर देउवा सकारात्मक भए पनि ओलीले खासै चासो दिएका थिएनन् ।

अहिले त्यसैको बदला लिने तहमा जसपा नेपालका अध्यक्ष यादव रहेका छन् ।

राष्ट्रियसभामा वामदेव गौतमले कांग्रेस-एमालेलाई सहयोग गरे पनि अध्यादेशमा बहुमत पुऱ्याउन एक सिटको कमी छ। राष्ट्रिय जनमोर्चासँग सो एक सिट भए पनि उसले खुलेरै अध्यादेशमा सहयोग नगर्ने स्पष्ट पारिसकेको छ। जसका कारण अहिले अध्यक्ष यादवको निर्णायक हुन पुगेका छन् ।

जसपा नेपालले सरकारलाई दबाब दिन र अध्यादेशबारे अध्ययन गर्न उपाध्यक्ष राजकिशोर यादवको नेतृत्वका पाँच सदस्यीय कार्यदल गठन गरेको छ । दुई दिनदेखि सिंहदरबारमा कार्यदलको बैठक जारी छ । विभिन्न विज्ञहरूलाई बोलाएर सिंहदरबारमै छलफल चलाएपछि यसले सरकारमाथि ठुलो दबाब पनि परेको छ।

सो कार्यदलले दिने प्रतिवेदनका आधारमा जसपा नेपालले अध्यादेशमा समर्थन गर्ने/नगर्ने निर्णय लिने कार्यदलका सदस्य शैलेन्द्र साहले जानकारी दिए।

उता कार्यदलले अध्यादेशबारे छलफल गरिरहँदा अध्यक्ष यादव भने सरकारसँग विभिन्न बार्गेनिङ लागिपरेका छन् । सो पार्टीका एक नेताले भने, 'हामीलाई अहिले सत्ता चाहिएको छैन, हाम्रो लागि पार्टी मुख्य हो, जसरी सरकारले हाम्रो पार्टी विभाजन गऱ्यो, त्यसरी नै फिर्ता गर्नुपर्छ, हाम्रो मुख्य सरोकार नै हो।'

एमाले-माओवादी गठबन्धनको सरकार हुँदा जसपा नेपाल विभाजन भएको थियो । अशोक राईले सात जना सांसद लिएर पार्टीबाट अलग्गिएर जसपा गठन गरेका थिए । त्यसमा सरकारको पनि साथ थियो।

अहिले पार्टी विभाजनको विवाद सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा छ। लामो समयदेखि मुद्दा विचाराधीन रहेको दोष जसपा नेपालले सरकारलाई नै दिइरहेको छ । सरकारले पनि राई नेतृत्वको जसपालाई नै सघाएकाले चाँडै मुद्दा फैसला नभएको जसपा नेपालका नेताहरूको भनाइ छ।

जसपा नेपालका ती नेताले भने, 'सरकारले हामीलाई सहयोग गरेको छैन, हामीले सरकारलाई किन सहयोग गर्ने ? हामीलाई पनि सहयोगबापत केही चाहिन्छ।'







# सतलोक आश्रममा कबीरको निर्वाण दिवस मनाइने

**टुडे समाचारदाता**

जनकपुरधाम । कबीरको निर्वाण दिवसको अवसर पारेर सतलोक आश्रम धनुषामा महायज्ञ विशाल भण्डारा आयोजना हुने भएको छ।

पूर्णब्रह्म कबीर उपासक समाजको आयोजनामा यही माघ २४ गतेदेखि २६ गतेसम्म पूर्णब्रह्म कबीर साहेबजीको निर्वाण दिवसका अवसरमा निःशुल्क विशाल भण्डारा आयोजना गर्न लागिएको हो । उक्त अवसरमा सन्त गरिबदासजी महाराजको अमरवाणीको अखण्ड पाठ, दाइजोमुक्त विवाह, रक्तदान शिविर, निःशुल्क मन्त्रदीक्षा एवं आध्यात्मिक प्रदर्शनीलगायतका सामाजिक कार्यक्रमहरू आयोजना गरिएको पूर्णब्रह्म कबीर उपासक समाजका अध्यक्ष कुमार डंगोलले जानकारी दिएका छन् ।

पूर्णब्रह्म कबीर साहेबजी भारतको उत्तर प्रदेश स्थित संत कबीरनगर जिल्लाको मगहर भन्ने स्थानबाट लाखौं मानिसहरुको सामुबाट सशरीर सतलोक गएर निर्वाण धारण गरेको दिनको सम्झनामा कबीर साहेबको निर्वाण दिवस मनाउन लागेको छ। कार्यक्रममा सन्त गरिबदासजी




महाराजको अमरवाणीको अखण्ड पाठ, दाइजोमुक्त विवाह, रक्तदान शिविर, निःशुल्क मन्त्रदीक्षा एवं आध्यात्मिक प्रदर्शनी, आदी जस्ता धार्मिक तथा सामाजिक कार्यक्रमहरू हुनेछन् साथै निर्वाण दिवस आफैंमा महत्वपूर्ण रहेको पनि बताएका छन् । पूर्णब्रह्म कबीर साहेबजीको उक्त स्मरणको लागि प्रत्येक वर्ष यो कार्यक्रमको आयोजना हुने गरेको छ। यस्ता

कार्यक्रम गर्नुको मुख्य उदेश्य सद्भक्ति प्रदान गरी विश्वलाई मोक्ष प्रदान गर्नुका साथै जीव हिंसाको अन्त्य गर्नु, समाजमा भ्रष्टाचार, छुवाछुत र भेदभावको अन्त्य गर्नु, समाजमा व्याप्त दाइजो प्रथाको अन्त्य गर्नु आदी रहेको उनले बताएका छन् । कार्यक्रममा नेपाल,भारत लगायत विभिन्न देशका पाँच लाख भन्दा बढी मानिस सहभागी हुने र सबैका लागि जुत्ता चप्पल जम्मा गर्ने, मोबाइल चार्ज गर्ने, खाने,बस्ने,ओढ्ने,ओछ्याउने आदी सबै व्यवस्था निःशुल्क रुपमा गरिएको समेत आयोजकले जनाएको छ। शुद्ध घ्युमा बनेका प्रसादहरु भण्डारामा वितरण गरिने तथा १० क्वीन्टल भन्दा बढी घ्यूको हवन यज्ञ पनि गरिनेछ। अहिले सम्म कार्यक्रमको पूर्ण तयारी भैसकेको र सजावटका केहि कार्य अझ चलिरहेको छ। यस विशाल महायज्ञमा संसारका सर्व मानवलाई सपरिवार सहभागी हुनका लागि सबै प्रचारका माध्यमहरुबाट माघ १ गते देखि नै खुल्ला निमन्त्रणा पनि दिईने कार्यक्रम तिव्र रुपमा चलिरहेको र श्रद्धालुको संख्या बढेमा आवश्यकता अनुसार तत्कालै व्यवस्था गरिने जानकारी पनि दिएका छन्।

# केवलकार विवादप्रति महासंघको ध्यानाकर्षण

**टुडे समाचारदाता**

जनकपुरधाम। 'कोशी प्रदेशको प्रसिद्ध धार्मीक स्थल ताप्लेजुङको पाथीभरा क्षेत्रमा केवलकार निर्माण अघि बढाउने सन्दर्भमा केहि दिन देखि देखिएको विवाद र गतिविधी प्रति नेपाल उद्योग वाणिज्य महासंघ-मधेश प्रदेशको गम्भीर ध्यानाकर्षण भएको छ।

महासंघले बुधबार एक विज्ञप्ती जारी गर्दै अर्थतन्त्र अझै पनि पूर्ण रुपमा पुनर्जीवित हुन नसकेको अवस्थामा लगानीमैत्री वातावरण बनाउनुपर्नेमा पाथीभरा केवलकार परियोजनामा अवरोधले लगानीकर्ताहरुमा नकारात्मक सन्देश प्रवाह गरिरहेको उल्लेख गरेको छ।

जारी विज्ञप्तीमा यो परियाजना कानुनी प्रक्रिया पूरा गरी स्थानीय जनताको सहमति अनुसार अगाडि बढेको हो। पर्यटन पूर्वाधार निर्माणले स्थानीय रोजगारी सिर्जना गर्ने, साँस्कृतिक प्रवर्द्धन गर्ने र समग्र कोशी प्रदेशको आर्थिक विकासमा योगदान पुऱ्याउने विश्वास रहेको छ। तर, बाह्य अवरोधका कारण परियोजना अन्योलमा परेको छ, जसले स्वदेशी तथा विदेशी लगानीकर्ताहरुको मनोबल कमजोर बनाउने खतरा छ । यातायातको सुविधा विस्तार





हुँदा स्थानीय संस्कृति र परम्परा मासिने होइन, बरु अझ व्यापक प्रचार प्रसार भई पर्यटन क्षेत्र मजबुत हुन्छ। नेपालमै सञ्चालित अन्य केबलकार परियोजनाहरुले यसको उदाहरण प्रस्तुत गरिसकेका उल्लेख गरिएको छ।

लगानीकर्ताहरुको सुरक्षाका लागि ठोस नीति ल्याइनुपर्छ र पाथीभरा परियोजनासँग सम्बन्धित समस्या वार्ता मार्फत समाधान गरिनुपर्ने भन्दै महासंघले विज्ञप्ती मार्फत नै सरकारको ध्यानाकर्षण गराएको छ । निजी क्षेत्रलाई भरोसा दिलाई स्वदेशमै रोजगारी सिर्जना गर्ने र आर्थिक समृद्धिमा टेवा पुऱ्याउने वातावरण बनाउन सरकार र आन्दोलनरत पक्षसँग महासंघले आग्रह गरेको छ।

# महशुल नबुझाउँदा विद्युत लाइन विच्छेद

सिरहा । सिरहाको धनगढीमाई नगरपालिकाले यहाँका किसानले प्रयोग गरेका कृषि मिटरको विद्युत महशुल समयमा नबुझाउँदा नेपाल विद्युत प्राधिकरणले लाइन काट्न सुरु गरेको छ। गहुँ सिंचाई गर्ने मुख्य समयमा कृषि मिटरको लाइने काटिएछि किसान समस्यामा परेका छन् ।



नगरपालिकाले दुई वर्षअघिदेखि नगरका किसानको विद्युत महशुल तिर्ने जिम्मा लिएको थियो । तर, लामो समयदेखि पालिकाले महशुल नतिरेपछि बाध्य भएर ठूला मिटरको लाइन काट्न सुरु गरिएको नेपाल विद्युत प्राधिकरण लहान वितरण केन्द्रका प्रमुख अवधेश गुप्ताले बताउनुभयो । उहाँले भन्नुभयो,"हामीले अहिले तीनओटा ठुला कृषि मिटरको लाइन काटेका छौं। नगरको सम्पूर्ण कृषि मिटरको बाँकी बक्यौता करोड भन्दा माथि छ । महशुल उठाउनको लागि लाइन काट्नुको विकल्प हामीसँग छैन ।"

सिंचाई मिटरको लाईन काटिँदा वडा नं. ८ का सयौं किसान मर्कामा परेका छन् । "किसानले लगाएको गहुँमा सिंचाई गर्नु पर्ने समयमा विद्युतको लाईन काटियो । अहिले सिंचाइँ गर्न समस्या भईरहेको छ", स्थानीय किसान योगेश सिंहले भन्नुभयो,"नगरपालिकाले विद्युतको महशुल तिर्न सक्दैन भने जिम्मा लिनु हुन्न थियो । विनाकारण किसानले दुःख पाईरहेका छन् ।"

उहाँले यहाँ रहेको सामुहिक कृषि सिंचाई मिटरको रु दुई हजार दुई सय महशुल पुगेपछि प्राधिकरणले लाईन काटेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो,"पालिकाले जिम्मा नलिएको भए हामी नियमित रुपमा महशुल बुझाउँथ्यौं । अहिले २२ हजार महशुलमात्र हैन, त्यसमा लाग्ने जरिवाना र पुनः जडान खर्च समेत किसानले बेहोर्नु पर्ने अवस्था आयो ।" एउटै मोटरले यस क्षेत्रका ५० विगहाभन्दा धेरै जमिन सिंचाई गर्दै आइरहेका उहाँले जानकारी दिनुभयो।

समयमा विद्युतको महशुल नबुझाउँझा किसानमात्र हैन पालिका पनि आर्थिक मारमा परेको नगर कृषि संयोजन समितिका संयोजक समेत रहेका वडा नम्वर १ का अध्यक्ष सूर्यनारायण यादवले बताउनुभयो। "पालिकाले किसानको विद्युत महशुल तिर्ने जिम्मा लिएपछि समयमा तिर्नु पर्ने हो । समयमा महशुल नतिर्दा जरिवाना बेहोर्नु पर्ने अवस्था भएको छ । त्यसोहुँदा नगरले विनियोजन गरेको बजेटभन्दा महशुल रकम धेरै उठेकोले शुल्क बुझाउन समस्या भएको हो ।"अध्यक्ष यादवले पालिकाले चालु आर्थिक वर्षमा कृषि विद्युत महशुल बुझाउन ४५ लाख विनियोजन गरेको छ । उहाँका अनुसार अघिल्लो आर्थिक वर्षमा पालिकाले २० लाख रुपैयाँ विद्युत प्राधिकरणमा बुझाएको थियो ।

विनियोजित बजेट र उठेको महशुल रकमको तालमेल नमिल्दा समस्या भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरुङ्गले बताउनुभयो। उहाँले भन्नुभयो,"नगरसभाले योजना बनाएरमात्र भएन, त्यसमा कति बजेट विनियोजन भएको छ भन्ने मुख्य कुरा हुन्छ । बजेट र भुक्तानी गर्नुपर्ने महशुलको तालमेल मिलिरहेको छैन । आजै बस्ने कार्यपालिका बैठकमा यस विषयमा छलफल गरि निकास निस्कन्छ।"रासस

## वीरगञ्ज नाका हुँदै भटमास र सूर्यमुखी तेलको निर्यात बढ्यो

वीरगञ्ज। वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा भटमास र सूर्यमुखीको प्रशोधित तेल विदेशी मुलुकमा निर्यात बढेको छ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी अमित तिवारीका अनुसार चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा रु ११ अर्ब ९९ करोड १८ लाखको पाँच करोड ६० लाख ६६ हजार लिटर भटमासको तेल निर्यात भएको छ। गत आवको ६ महिनाको अवधिमा भने रु तीन करोड ११ लाखको एक लाख एक हजार तीन सय एक लिटर भटमासको प्रशोधित तेल निर्यात भएको थियो। छिमेकी मुलुक भारतमा भटमास र सूर्यमुखीको प्रशोधित तेलको निर्यात सहज भएकाले निर्यात उत्साहजनक ढङ्गले बढेको उहाँले जानकारी दिनुभयो।''अहिले भारततर्फ प्रशोधित तेलको निर्यातमा क्रमशः सुधार देखिएको छ'', सूचना अधिकारी तिवारीले भन्नुभयो।

चालु आवको ६ महिनाको अवधिमा भटमासको तेल प्रशोधित मात्रै नभएर सूर्यमुखीको प्रशोधित तेलको निर्यात पनि बढेको छ। चालु आवको ६ महिनाको अवधिमा रु तीन अर्ब २१ करोड ९१ लाखको दुई करोड २८ लाख ४५ हजार लिटर सूर्यमुखीको प्रशोधित तेल निर्यात भएको छ। गत आवको सोही अवधिमा भने नौ करोड ९४ लाख १० हजार मूल्य बराबरको सूर्यमुखीको तेल निर्यात भएको कार्यालयले जनाएको छ।रासस

# पानी नपरी बित्दै हिउँद, किसान चिन्तित

महोत्तरी । यसपालि सिङ्गो हिउँद पानी नपरी बित्नै लाग्दा किसान निरास छन् । वसन्तपञ्चमी पर्व मनाइसक्दासम्म पानी पर्ने चालचुल नदेखेपछि महोत्तरीका किसान अहिले अपेक्षित हिउँदेबाली नहुने चिन्ताले पिरोलिएका छन् ।

"हिउँद पानी नपरी बित्यो", बर्दिवास-९ टोकीटोलका ६० वर्षीय किसान रामचन्द्र थापा मगर भन्नुहुन्छ, "खै हिउँदे बाली राम्ररी भित्र्याउन पाइएला जस्तो छैन ।" कुलोको स्थायी सिँचाइको प्रबन्ध नभएको आफ्नो ठाउँमा इनारको पानी मोटरले तानेर बाली सेचन गर्ने गरिएको उहाँको भनाइ छ । यसपालि अहिलेसम्म हिउँदे वर्षा नहुँदा इनारमा पानीको सतह गहिरिँदै गएर मोटरबाट पानी तान्न नसकिने अवस्था बनेको थापासहित टोकीटोलका किसानको चिन्ता छ।



माघ अन्तिम साता लागि सक्दा हुस्सुले छाडेको छैन । हिउँदमा हुस्सु लाग्नु स्वभाविक भए पनि माघ लागेपछि घाम तात्दै जाने पुरानो मौसमको थिति खलबलिएको किसान बताउँछन् । "आकास धुम्मिएको धुम्मियै छ, पानी पर्न सकेको छैन", बर्दिवास-७ का ७० वर्षीय विन्देश्वर यादव भन्नुहुन्छ । खेतबारीमा तरकारी बाली हुस्सुले कक्रदै तथा पानी नपरेर माटो रुखिएको उहाँले बताउनुभयो।

भङ्गाहा-४ रामनगरका ७५ वर्षीय इस्लाम राइन भन्नुहुन्छ, "यो हामीले पहिले देखे भोगेभन्दा फरक हुँदैछ ।" एक दशक अघिसम्मका ऋतुपिच्छेका मौसममा गरिने अड्कल अब मेल खान छाडेको राइनकै छिमेकी जव्वार शेष बताउनुहुन्छ । हिउँदे पानी नपर्दा गहुँ, उखु र दलहन बाली राम्ररी बढ्न सकेको छैन । यसैगरी भण्टा, रामतोरीया, खुर्सानीलगायत तरकारी पानी नपर्दा ओइलिन लागेका छन् ।

> "आकास धुम्मिएको धुम्मियै छ, पानी पर्न सकेको छैन", बर्दिवास-७ का ७० वर्षीय विन्देश्वर यादव भन्नुहुन्छ । खेतबारीमा तरकारी बाली हुस्सुले कक्रदै तथा पानी नपरेर माटो रुखिएको उहाँले बताउनुभयो ।

माटोमा चिस्यान नहुँदा पर्खनुको विकल्प नरहेको गौशाला-११ का भोगेन्द्र महतो बताउनुहुन्छ।

हिउँदे वर्षा जमिन भिजाउने मात्र नभई बालीनालीका लागि अत्यन्त पोसिलो हुने पाका किसान बताउँछन्। भखरै हुर्कदै गरेका वैशाखी लहरे तरकारी, उखु , आँपसहितका फलका रुख हिउँदे वर्षा पाएपछि लहलहाउने पाका किसानको अनुभव छ। तर, यसपाली वर्षा नै नभई हिउँद बित्दै गएपछि यी बालीबाट अपेक्षित उत्पादन लिन नसकिने किसानमा चिन्ता बढेको छ।

हिउँदमा पानी नपरेपछि खानेपानीका स्रोतहरु इनार, चापाकल गर्मी चढेसँगै चाँडै सुक्ने छन् । खानेपानीको हाहाकार पर्नसक्ने बर्दिवास-१२ बिजलपुराका ६५ वर्षीय किसान रामविलास सिंह बताउनुहुन्छ । हिउँदमा पानी नपरेपछि अहिले माघ नसकिँदै खोल्साखोल्सी सुकी सकेका छन् । सदाबहार भुल्के (जरुवा) पानीको मुहानमा पानी देखिन छाडेको छ । हिउँदे वर्षा नभएपछि फलका रुखमा मज्जर (मञ्जरी) कम लाग्ने, मज्जर धेरै झर्ने र मधुवारोगको प्रकोप बढ्ने चिन्ता छ।

हिउँदमा पानी पर्दा बालीनालीमा रोगको प्रकोप कम हुने र बाली हलक्क बढ्ने किसानको अनुभव छ । हिउँदे सम्यक वर्षा बालीनालीलाई अमृत नै हुने औरही-७ का मोहन महतो बताउनुहुन्छ। "हिउँदे वर्षा सिँचाइ मात्र हैन, बालीको पोषण र रोग प्रतिरोधका लागि रामवाण (बिस्तुर नजाने) हुन्छ", उहाँ भन्नुहुन्छ। रासस

# चुरे अभियन्ता यादव पुरस्कृत




**टुडे समाचारदाता**

जनकपुरधाम । चुरे तथा वनजंगल संरक्षण अभियानका राष्ट्रिय संयोजक सुनिल कुमार यादव पुरस्कृत भएका छन् ।

चुरे अभियन्ता यादवलाई मंगलबार नेशनल सोशल वेल्फेयर एवार्ड २०२४ बाट सम्मानित गरिएको छ । चुरे भावर तथा वन विनाश संरक्षणका लागि मुल्यवान योगदान गरेवापत यादवलाई शिल्ड र सम्मानपत्र सहित भिजन मिडियाले काठमाण्डौमा आयोजना गरेको एक कार्यक्रममा सम्मानीत गरेको छ । चुरे वनजंगल संरक्षण र भुमिहिनको अधिकार प्राप्तीका लागि अभियन्ता यादव विगत सात वर्ष देखि निरन्तर अभियान चलाउदै आएका छन् । वन जंगल वचाउनका लागि मधेश प्रदेश स्तरिय ज्ञापनपत्र बुझाउने देखि लिएर सडक आन्दोलन सम्म गर्दै आएका अभियन्ता यादव मधेश पानी विहिन वन्दै गएको भन्दै संघिय सरकारसंग पानी मागगर्दै सप्तरी देखि पैदल यात्रा गर्दै काठमाण्डौ पुगेर एक महिना सम्म संघिय राजधानीमा शान्तिपुर्ण आन्दोलन गरेपछि मुलुकको नजर चुरे अभियन्ता यादव तर्फ परेको थियो । वर्षो देखि भुमि अधिकार विहिन रहेका भुमिहिन गरिबहरुले भुमी प्रति अधिकार पाउनुपर्ने भन्दै पटक पटक मधेश सरकारलाई ध्यानाकर्षण गराउन विभिन्न किसीमको सडक आन्दोलन देखि लिएर रिले अनसन र आमरण अनसन सम्म बसिसकेका छन् ।

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

मेष :कामको मेसो नमिल्दा केही अलमल हुनेछ।
वृष :समयमा निर्णय नलिने बानीले अप्ठ्यारो पार्न सक्छ।
मिथुन :विभिन्न कामका अवसर प्राप्त हुनेछन्।
कर्कट :अरूको बारेमा चासो राख्दा स्वयं समस्यामा पर्न सकिन्छ।
सिंह:सोख र हडबडीले समस्या निम्त्याए पनि ज्ञान, कला र व्यक्तित्वमा निखार आउनेछ।
कन्या :खर्च लागे पनि प्रयत्न गर्दा काममा सकारात्मक संकेत प्राप्त हुनेछ।
तुला: प्रशस्त लाभ उठाउने समय छ।
वृश्चिक: परिस्थितिको चक्रमा अलमलिनु पर्दा कार्यसम्पादनमा ढिलाइ हुनेछ।
धनु :जिम्मेवारी थपिए पनि स्वास्थ्य कमजोर रहनाले काममा बाधा पुग्न सक्छ।
मकर: स्वास्थ्य कमजोर रहनाले चिताएको काम गर्न नसकिएला।
कुम्भ :हडबडले काम बिग्रनेछ।
मीन :कामको मेसो नमिल्दा अलमल हुनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
**9812005378**

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**जनकपुरधाम ०४१**

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# संघीयता सुदृढीकरण र समावेशिताका लागि संविधान संशोधनमा सहयोग गर्छौं: राजकिशोर यादव

*काठमाण्डु । जनता समाजवादी पार्टी नेपालका उपाध्यक्ष एवं प्रतिनिधिसभा सदस्य राजकिशोर यादवले सङ्घीयतालाई अधिकारसम्पन्न बनाउन, राज्यलाई थप समावेशी तुल्याउन र आर्थिक समृद्धिका लागि सम्भावित क्षेत्र पहिचान गरी चाल्नुपर्ने कदमका कोणबाट आफूहरुले संविधान संशोधन चाहेको बताउनुभएको छ । उहाँले उक्त प्रस्तावसहित संशोधनसम्बन्धी प्रक्रिया अघि बढाइएमा आफ्नो दलको सहयोग र समर्थन रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।*

*"विविधतालाई सम्बोधन गर्ने शासन प्रणाली र सङ्घीयतालाई अधिकार सम्पन्न गरौँ हाम्रो चाहना हो, सङ्घ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँड र समन्वयको स्पष्ट खाका हुनुपर्छ", उपाध्यक्ष यादवले भन्नुभयो, "राज्यप्रति अपनत्व बढाउन समावेशिताको दायरा फराकिलो बनाएर लैजानुपर्छ ।" विसं २०४६ को प्रजातन्त्र पुनःस्थापनाका लागि भएको जनआन्दोलनमा सक्रिय रहनुभएका नेता यादवले विसं २०६२/६३ र मधेस आन्दोलनमा योगदान गर्नुभयो । विसं २०६४ मा संविधान सदस्य, विसं २०६८ मा सञ्चार तथा सूचना प्रविधिमन्त्री भइसक्नुभएका उहाँ हाल प्रतिनिधिसभा, अन्तर्राष्ट्रियसम्बन्ध तथा पर्यटन समिति सभापति हुनुहुन्छ । नेता यादवसँग 'सांसदसँग रासस संवाद'का लागि राससका उपप्रमुख समाचारदाता नारायण न्यौपानेले लिएको अन्तर्वार्ताको सम्पादित अंश ।*



**प्र. माननीय ज्यू, पछिल्लो समय के मा व्यस्त हुनुहुन्छ ?**

पार्टीको कार्यकारिणी परिषद् बैठक भर्खर सम्पन्न भएको छ । बैठकमा पार्टीको आन्तरिक जीवन, सङ्गठन सुदृढीकरण, राष्ट्रिय/अन्तर ाष्ट्रिय परिस्थिति र चुनौतिका बारेमा गहिरोसँग छलफल भएको छ । अर्कातर्फ यही माघ १८ गतेदेखि सङ्घीय संसद्को हिउँदे अधिवेशन पनि सुरु भएको छ । एउटा सांसदका हैसियतमा त्यसमा पनि व्यस्त रहने कुरा भयो । तेस्रो, संसदीय समितिको बैठक पनि नियमितरुपमा भइरहेकै छ । समग्रमा भन्नुपर्दा अहिले संसद्का गतिविधि र पार्टी सङ्गठनका काममा व्यस्त छु ।

**प्र. भर्खरै सम्पन्न भएको पार्टीको बैठक के विषयमा केन्द्रित रह्यो ?**

यस पटकको बैठक मुलतः सङ्गठनमै केन्द्रित भयो । छ महिनादेखि 'जनतासँग जसपा आधारभूत सङ्गठन निर्माण अभियान' सञ्चालन भइरहेको छ । त्यस अभियानको विहङ्गम छलफल गरी त्यसको प्रभाव र जनताको प्रतिक्रिया कस्तो रह्यो भन्नेबारे समीक्षा गरियो । सङ्गठनलाई अझै चुस्तदुरुस्त बनाइ सुदृढीकरण र जनतामा जाँदा आएका समस्या व्यवस्थापनबारे गहन छलफल भयो । वैकल्पिक शक्तिका रुपमा रहेको जसपाले देशको राष्ट्रिय राजनीति जुन दिशामा गइरहेको छ त्यसलाई कसरी लिने र अघि बढ्ने भन्ने विषयमा केन्द्रित भई छलफल भयो ।

**प्र. देशका पछिल्लो राजनीतिक अभ्यासलाई यहाँले कसरी हेर्नुभएको छ ?**

नेपालको पछिल्लो राजनीतिक घटनाक्रमलाई नियाल्दा विचार र सिद्धान्तबाट दलहरुमा विचलन आएको देखिन्छ । जनसरोकारका विषयभन्दा दल र त्यसका नेता आफ्नो गुटलाई कसरी लाभ पुऱ्याउने र रक्षा गर्ने भन्ने पक्षमै केन्द्रित रहेको पाइन्छ । समग्रतामा मुलुक बनाउने, जनताको रक्षा गर्ने, जायज विषय सम्बोधन गर्ने तथा आर्थिक वृद्धि हासिल गर्ने, भ्रष्टाचार नियन्त्रण गर्ने, कमजोर अवस्थामा रहेको सुशासनमा सुधार ल्याउने विषय प्राथमिकतामा हुनुपर्ने हो, तर त्यो ओझेलमा परेको छ । कृषिजन्य उपजसमेत विदेशबाट महँगोमा किनेर भान्सा चलाउनुपर्ने अवस्था छ । युवा बेरोजगारी समस्या त्यस्तै छ । शिक्षाकोस्तर खस्केको छ भने त्यो केका लागि भन्ने प्रश्न उब्जिएको छ । यस्ता विषयलाई सम्बोधन गरेर जानु पर्थ्यो त्यो भइरहेको छैन ।

**प्र. गाउँघर र जनतामा जाँदा तपाईंले कस्तो प्रतिक्रिया र टिप्पणी पाउनु भएको छ ?**

एकअर्काबीच सहयोग, भाइचारा, प्रेम र सद्भावमा रहने नेपाली समाजको विशेषता हो । तर अहिले विधि र प्रक्रियाभन्दा बाहिर गएर पछिल्लो समय जो जहाँ छ, पेलेर जाने व्यक्ति र आत्मकेन्द्रित अवस्था छ । पछिल्लो समय देशको राष्ट्रिय राजनीति गलत बाटोमा अघि बढिरहेको छ । र त्यसको प्रभावस्वरुप आमजनतामा निराशा छ । अर्कोतिर जबरर्जस्ती नेपालमा भविष्य छैन, हामी उँभो लाग्दैनौँ भन्ने कोणबाट नकारात्मक भाव फैल्याउने कोसिस भइरहेको छ । अहिले सार्वजनिकस्थलका कुरा सुन्दा नकारात्मकतातिर उन्मुख छ । राजनीतिक दल, नेता र नेतृत्वप्रति गालीगलौज तथा तुच्छ शब्दवाण प्रयोग भइरहेको छ । सरकारमा पनि प्रभावकारी काम गर्ने ल्याकत र इच्छाशक्ति देखिएन । अर्कोतर्फ समाज पनि गलत बाटोतर्फ गयो कि भन्ने चिन्ता लागेको छ ।

**प्र. अहिले संविधान संशोधनको विषय चर्चामा छ, यसमा तपाईंको पार्टीको धारणा के हो ?**

वर्तमान सरकार बन्नेक्रममा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच सातबुँदे सहमति भएको थियो । देशका पहिलो र दोस्रो ठूलो दल मिलेर सरकार गठन गर्ने विषय लोकतन्त्र, संसदीय अभ्यास र परम्पराका दृष्टिबाट सामान्य होइन । राष्ट्रिय सङ्कटको अवस्थामा हुनसक्ने घटनाको अपवादका रुपमा दुई ठूला दलको सरकार बनेको छ । राजनीतिक स्थिरता कायम गर्न, आर्थिक क्षेत्रलाई चलायमान बनाउन, सुशासन कायम गर्न र हालको निराशालाई चिर्न वर्तमान सरकार गठन गरिएको भनियो । गणितीय हिसाबले सरकार मजबुद देखिए पनि संविधान सशोधनलगायत कतिपय विषयमा गम्भीरता पाइन्न । अर्को, संविधान जारी गर्ने बेलामै हामी केही प्रावधानका विषयलाई लिएर विरोधमा थियौँ । संविधानले अधिकार, पहिचान, आर्थिक समृद्धिलगायतलाई सम्बोधन गर्न सक्दैन भन्ने हाम्रो तत्कालीन निचोड थियो ।

**प्र. तपाईंहरुले चाहेको संविधान संशोधन कस्तो हो ?**

पृथ्वीनारायण शाहको दिव्योपदेशमा त्यतिबेलै 'नेपाल चार वर्ण, छत्तीस जातको साझा फूलबारी हो, यो सबैलाई चेतना भया' भन्ने उल्लेख छ । नेपालमा सांस्कृतिक, धार्मिक, भौगोलिकरुपमा विविधतायुक्त समाज छ । यी हाम्रा सम्पत्ति हुन् । त्यसलाई संरक्षण गर्नुपर्नेमा नेताहरुले त्यसको महत्वलाई बुझ्न सकिरहेको देखिन्न । प्राकृतिक स्रोतसाधनको सम्पन्नताको हिसाबले नेपालले आर्थिक रुपमा फड्को मार्नुपर्ने हो, तर त्यसो भइरहेको छैन । हामीले आन्दोलनको उपलब्धिको अपनत्व हुने खालको साझा संविधान खोजेका हौँ । विविधतालाई सम्बोधन गर्ने शासन प्रणाली र सङ्घीयतालाई अधिकारसम्पन्न गरौँ भन्ने हो । सङ्घ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँड र समन्वयको स्पष्ट खाका हुनुपर्छ । राज्य सबैको बनाउन समावेशिताको दायरालाई फराकिलो बनाउन तथा आर्थिकरुपमा सम्भावना देखिएका क्षेत्रको पहिचान गरी अघि बढाउँ भनेका हौँ । मुलतः सङ्घीयतालाई अधिकारसम्पन्न र राज्यलाई अझै समावेशी बनाउने तथा आर्थिक समृद्धिका लागि चाल्नुपर्ने कदमका कोणबाट हामीले संविधान संशोधन खोजका हौँ । संविधान संशोधन अहिले गफमा सीमित छ । एजेण्डाकै रुपमा ल्याइसकेको अवस्था छैन । त्यो पाटोबाट संशोधन ल्याइएमा हामी अघि बढाउन सहयोग पुऱ्याउछौँ ।

**प्र. मधेस केन्द्रित दलबीच सहकार्य र एकतासम्मका विषय उठेका छन्, अहिले यो कुन अवस्थामा छ, कसरी अघि बढ्न खोजिरहनुभएको छ ?**

लोकतान्त्रिक र पहिचानवादी मोर्चा बनाउन आठ दलबीच विश्वासको वातावरण बनाउँदै ध्रुवीकरण गर्दै बृहद मोर्चाबन्दीका साथ एकतासम्म पुग्ने अभ्यास सुरु भएको छ । त्यसका लागि तीन वटा औपचारिक बैठक भइसकेका छन् । मोर्चाका सम्बन्धमा गठित कार्यदलले लक्ष्य र सञ्चालन अवधारणापत्र तयार गर्दैछ । साझा मुद्दा पहिचान गर्ने कार्यदेश छ । विचार र सिद्धान्तमा आधारित देशकै वैकल्पिक लोकतान्त्रिक शक्ति बनाई नेपाललाई आर्थिक समुन्नत तुल्याउने मुख्य धेय छ । हिजोको जस्तो तराई/मधेस मात्र नभइ सम्पूर्ण नेपालीको कल्याणका लागि काम गर्ने अठोट गरेका छौँ । देशमा रहेका साधन स्रोतको प्रचूर उपयोग गर्दै युवा पुस्तालाई स्वदेशमै रहने वातारण सिर्जना गर्न मोर्चा लागि पर्नेछ ।

**प्र. तराई/मधेसको खास मुद्दा के हो ?**

नेपाल सबै जातजातिको साझा फूलबारी हो । हामी नेपाली कम देशभक्त होइनौँ । तराईंकै भएका कारण विभेद गरिनु भएन । राज्यले जात, धर्म र समुदायका आधारमा विभेद गरिनु हुन्न भन्ने मुख्य मुद्दा हो । त्यो व्यवहारमा उतार्न अरु सरह राज्य संयन्त्रमा सहभागिता सुनिश्चित हुनुपर्छ भन्ने हो ।

**प्र. सरकार गठनसंगै कूटनीति अभ्यासको फेरबदल भइरह्यो भन्ने आरोप छ, अनि छिमेकीलाई हेर्नपर्ने दृष्टिकोण कस्तो हुनुपर्छ ?**

हो, विगतमा नेपालले कूटनीति क्षेत्रमा विश्वमै हासिल गरेको छवी घटेको छ । हिजो हाम्रो गौरवशाली इतिहास थियो । विश्वमै गोर्खाली साहसिक, वीर र इमान्दार भनेर चिनिन्छन् । पछिल्ला समय नेतृत्वले देशको भन्दा दलको परराष्ट्र नीति बनाउन खोज्दा छिमेकीसँगसमेत विश्वास घट्न पुगेको अवस्था छ । दल विशेषका आधारमा छिमेकीलाई हेर्ने प्रवृत्तिले देशको हित हुन सक्दैन । परराष्ट्र नीति भनेको देशको बनाउनुपर्छ । राष्ट्रहितमा साझा नीति र दलभन्दा माथि उठ्नुपर्छ । गुमेको साख फर्काउन नेता जिम्मेवार हुनुपर्छ । सरकार अब विदेश नीतिमा मात्र होइन, लिइने आर्थिक नीतिकाबारे पनि 'बोल्ड' भएर आउनपर्छ ।

**प्र. विगतमा सरकारमा पनि रहेर काम गर्नुभयो, अनुभवका हिसाबले सरकार भनेको के रहेछ ?**

शक्ति पृथकीकरणको सिद्धान्तअनुरुप कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका संविधान र कानुनले व्यवस्था गरेअनुरुप योजना बनाउने र कार्यान्वयन गर्ने संयन्त्र हो । समाजका सबै समस्या विधिभित्र रहेर सम्बोधन गर्ने निकायकारुपमा सरकारलाई बुझेको छु ।

**प्र. राज्यप्रति युवापुस्तालाई विश्वास दिलाउने मामिलामा कहा्ा के-कस्तो कमजोरी भइरहेको छ, जस्तो लाग्छ ?**

राज्यसत्ता सञ्चालनको गलत अभ्यासको परिणामकारुपमा यो समस्या देखिएको छ । रोजगार, उद्योगधन्दा, कृषि, शिक्षा, स्वास्थ्यक्षेत्रमा प्रगति भएको देखिएमा जनतामा आशा पलाउँछ, त्यो अहिले कमजोर बन्न पुगेको छ । जनतादेखि प्रधानमन्त्रीसम्म कोही पनि सन्तुष्ट छैनन् । राज्यका निर्णय ठिक भएन भने समाजमा त्यसका असर परिरहन्छ । दूष्पप्रभाव देखिरहन्छ । त्यो भएर युवामा नकारात्मक भाव उत्पन्न गरेको र सपना मरेको अवस्था छ ।

**प्र. भ्रष्टाचार नियन्त्रण, सुशासन र सेवा प्रवाहमा देखिएका समस्यालाई यहा्ाले कसरी लिनुभएको छ ?**

जनताले घरबाट निस्कना साथ समस्या झेल्नुपर्छ । राज्य व्यवस्थाको कार्यप्रकृति नै दुःख दिने खालको छ । भ्रष्टाचारीपनि कुन दलको हो त्यो आधारमा कारबाही हुने जस्तो भएमा कसरी निर्मूल हुन्छ ? सरकारले सबै चर्चामा आएको काण्डमाथि छानबिन गर्नुपर्छ । निर्क्योल गरेर जानुपर्छ । सरकारले जनविश्वास आर्जन गर्ने हो भने सर्वोच्च अदालतको न्यायाधीशको नेतृत्वमा आयोग गठन गरेर छानबिन गर्नुपर्छ ।

**प्र. निर्वाचन प्रणाली खर्चिलो भयो, यसले पनि भ्रष्टाचार बढायो भन्ने सुनिन्छ, यस्तो हो र ?**

निर्वाचन प्रणाली खर्चिलो भएको यथार्थ हो, तर भ्रष्टाचारको जननी यो हो जस्तो लाग्दैन । हाम्रो चिन्तन नै गलत छ । विधि, प्रक्रिया पारदर्शी र सबैलाई जिम्मेवार बनाएरमा अनावश्यक लाल्छना हट्छ । अहिले सबै राजनीतिमा आउन खोज्छन्, पहिले राजनीतिलाई सेवाका रुपमा लिइन्थ्यो, अहिले राजनीति आयस्रोत र पेसा व्यवसाय बन्न पुगको छ । व्यापारी पनि राजनीतिमा आउन थाले । सबै स्रोतको केन्द्र राजनीति बन्न पुग्यो । आर्थिकरुपमा अवसर दिनुपर्छ । विदेश जान रोक्ने हो भने यहाँ विकल्प तयार गरिदिनुपर्छ । नेपालको कुल गार्हस्थ्य उत्पादन बढाउनुपर्छ । विकल्प तयार नभइ युवा पलायन रोक्न सकिन्न ।

**प्र. जनतालाई आशा दिलाउने यहा्ाका केही सन्देश छन् त ?**

फराकिलो चिन्तनका साथ देश र समाज बदल्ने दिशातर्फ हामी सबै उन्मुख हुनुपर्छ । पार्टी समुदायभन्दा माथि उठेर जो कोहीबाट पनि गलत काम भएमा प्रश्न गर्नुपर्छ । त्यो कोणबाट जनता जाग्नुपर्छ । जनप्रतिनिधिका नाताले म आफ्ना जीवनकालमै छाती फुलाएर, शीर उठाएर नेपालभन्दा गौरव गर्ने परिस्थिति सिर्जना गर्न लाग्छु । नेपाललाई समृद्ध र सबैको बनाउने अभियानमा जुट्नेछु । जनताका मुद्दा सदनदेखि सडकसम्म बुलन्द गर्न इमान्दार प्रयास गर्नेछु । त्यसमा सबैका साथ र सहयोग अपेक्षा छ । दिन टाढा छैन, छोटो समयमै समृद्ध गर्न सकिन्छ ।रासस

# सूचना प्रविधिको अधिकतम उपयोगमा अर्थमन्त्रीको जोड



काठमाण्डु । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सरकारी सेवाप्रवाहसँग सम्बन्धित सूचना प्रविधि प्रणालीलाई पूर्णरुपमा आधुनिक, प्रभावकारी एवं विश्वासनीय बनाउनुपर्नेमा जोड दिनुभएको छ । साथै उहाँले सहज सेवा प्रवाहका निम्ति सूचना प्रविधि अत्यावश्यक भएको बताउनुभएको छ ।

अर्थ मन्त्रालय र मातहतका निकायहरूमा प्रयोगमा रहेका विभिन्न सूचना प्रविधि प्रणालीको अवस्था सम्बन्धमा अर्थ मन्त्रालयमा मङ्गलबार आयोजित छलफल उहाँले वर्तमान अवस्थामा सेवाप्रवाहलाई छरितो र प्रभावकारी बनाउन सूचना प्रविधिको प्रयोग अपरिहार्य छ भन्नुभयो ।

सेवा प्रवाहलाई भरपर्दो र अविछिन्न बनाउन अत्याधुनिक प्रविधिको प्रयोगलाई बढाउँदै जानुपर्ने, सूचना प्रणालीका कारण कुनै पनि काम प्रभावित हुन नहुने, साथै प्रविधि सञ्चालनका लागि आवश्यक जनशक्ति र प्राविधिक क्षमता विकास गर्न उहाँले सम्बन्धित निकायका अधिकारीहरूलाई निर्देशन दिनुभयो । हरेक निकाय सूचना प्रणालीमा सक्षम भएमात्र गुणस्तरीय सेवा प्रवाह हुनसक्ने अर्थमन्त्रीको भनाइ थियो ।

कार्यक्रममा सहभागी निकायका अधिकारीहरूले आ-आफ्नो निकायमा सञ्चालनमा रहेका सूचना प्रविधिसम्बन्धी प्रणालीहरूको आवधिकरुपमा 'सेक्युरिटी अडिट' गर्ने गरिएको र सुरक्षाका दृष्टिकोणले सबल रहेको बताउँदै प्रणालीको 'ब्याकअप' क्षमता वृद्धि गर्न थप लगानी योजना प्रस्तुत गरेका थिए । साथै सूचना प्रविधिको प्रयोग बढाउँदै जाँदा दक्ष प्राविधिक जनशक्तिको माग बढ्दै जाने तर त्यस्ता जनशक्तिलाई संस्थाभित्र टिकाई राख्न न्यून सेवासुविधाका कारण चुनौतीपूर्ण रहेको जानकारी दिएका थिए । यस्ता समस्यालाई सम्बोधन गर्नका लागि सरकारले उपयुक्त नीतिगत निर्णय लिने पनि अर्थमन्त्री पौडेलले बताउनुभयो ।

बैठकमा अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, महालेखा नियन्त्रक कार्यालय, आन्तरिक राजस्व विभाग, भन्सार विभाग, नागरिक लगानी कोष, नेपाल बिमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, नागरिक लगानी कोष, नेपाल स्टक एक्सचेन्ज, राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक लिमिटेडलगायत निकायका अधिकारीहरूको सहभागिता थियो ।रासस


## जनकनन्दिनी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### खजुरी, धनुषा

## सेवा करार पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/१०/२३ गते**

यस जनकनन्दिनी गाउँपालिकाको मिति २०८१/०७/०९ गतेको कार्यपालिकाको बैठकको निर्णयानुसार यस जनकनन्दिनी गाउँपालिका, खजुरी, धनुषामा संचालित वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको लागि पुनः एकिकरण परियोजना (रेमी परियोजना) तर्फ रिक्त रहेको रोजगार परामर्शकर्ता छैठो तहको लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुनः एकिकरण परियोजना सञ्चालन मार्गदर्शन, २०७९ बमोजिम यस गाउँपालिकाको देहाय अनुसारका पदमा कर्मचारीहरुको करार सेवामा पदपुर्ति गर्नुपर्ने भएकोले आवश्यक योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवश्यक कागजात सहित तोकिएको ढाँचामा यस गाउँपालिकामा दरखास्त पेश गर्नुहुन अनुरोध छ ।


**तपसिल**

| वि.नं. | सेवा | समुह | पद | श्रेणी/तह | आवश्यक माग पद संख्या | न्यूनतम शैक्षिक योग्यता | परिक्षा दस्तुर | कार्यक्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| ०१/२०८१/०८२ | विविध | विविध | रोजगार परामर्शकर्ता | अधिकृत छैठो | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उत्तीर्ण गरी व्यवसायिक परामर्श कार्य वा उद्यम विकास सहजकर्ता लेभल २ वा सो भन्दा माथिल्लो लेभल पुरा गरेको र रोजगार प्रवर्द्धनको क्षेत्रमा कम्तिमा पनि १ वर्ष कार्य गरेको । | रु. १०००।- | जनकनन्दिनी गाउँपालिका, खजुरी, धनुषा |

१. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु** :-
  - क) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
  - ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र बसाईसराई तथा विवाह दर्ताको प्रतिलिपी
  - ग) तोकिएको अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
  - घ) वैदेशिक रोजगारीबाट फर्केको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ ।
  - ङ) आवेदन शुल्क तिरेको सक्कल भौचर वा नगदी रसिद (जनकनन्दिनी गाउँपालिकाको नाउँमा कृषि विकास बैंकको खाता नं. १००५५०१६९१६४६०१० मा शुल्क तिरेको सक्कलै भौचर)

२. **उमेर** :- १८ वर्ष पूरा भै ३५ वर्ष ननाघेको ।
३. **करार अवधि** :- रेमि परियोजना संचालन कार्यविधी अनुरुप हुनेछ ।
४. **छनौटका आधारहरु** :- लिखित र अन्तरवार्ता
५. **सेवा शर्त र सुविधा** :- रेमि परियोजना संचालन कार्यविधी अनुरुप हुनेछ ।
६. **दरखास्त दिने अन्तिम मिति** :- २०८१/११/०७ गते कार्यालय समय भित्र ।
७. स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ ।
८. अन्तिम दिन विदा परेको खण्डमा उक्त दिनको भोलि पल्ट सम्म दरखास्त फाराम भर्न पाइनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अपनत्वको खाँचो

जनकपुरधाम पुरातान्विक सम्पदा , संस्कृति र मिथिला कलाले अति धनी छ । राजर्षि जनकको प्राचीन मिथिला राज्यको राजधानी , भगवान रामको ससुराली र आदर्श नारी सीताको जन्मभूमि पनि हो । प्राकृतिक स्रोतसाधनले भरि पूर्ण संस्कृतिको धनी र धार्मिक पर्यटकीय क्षेत्रको प्रशस्त सम्भावना बोकेको एक सुन्दर स्थल समेत हो । यहाँ रहेका पुराना राम मन्दिर , नौलखाका रुपमा ख्याति पाएको जानकी मन्दिर , राजा जनकले शिवधनुष पूजा गर्ने स्थानमा निर्मित जनक मन्दिर , लक्ष्मण मन्दिर , रंगभूमि मैदान ,संकटमोचन मन्दिर , रत्नसागर मन्दिर , कृष्ण मन्दिर ,स्वर्गद्वारीलगायतका धार्मिक स्थल , तालतलेया , सरोवर र दैनिक रुपमा हुने गंगा आरतीले धार्मिक पर्यटकका लागि आकर्षक गन्तव्य स्थलका रहे पनि पर्यटकीय दृष्टिले कम ध्यान दिइएको छ । ज्ञानविज्ञान , धर्मदर्शन क्षेत्रमा पनि प्रसिद्धि कमाएको जनकपुरधामलाई आकर्षक पर्यटकीय स्थलको रुपमा विकास गर्न सके यहाँका नागरिकको जीवनस्तरमा उलेख्य सुधार आउन सक्छ । साथै पर्यटकलाई आकर्षित गर्न सक्ने प्राचीन चित्रकला , शिल्प , मूर्तिकलासहित संस्कृतिलाई धार्मिक पर्यटकीय संग्रहालयको रुपमा स्थापना गर्न सकिन्छ । विवाह भूमि वा आदर्श भूमिका रुपमा सथापित भएकाले देश विदेशका जोडीहरुलाई विवाहका लागि आउने गन्तव्य स्थलका रुपमा विकसित गर्न सकिन्छ । मिथिला पेन्टिङ विश्वबजारमा निकै चर्चामा रहेकाले यसलाई विश्वसामु समेत चिनाउनु आवश्यक छ । धार्मिक पर्यटनको प्रशस्त सम्भावना अन्तर्गतको मठमन्दिर , कुटी , कुण्ड तथा यिनको महत्वका बारेमा रामायण लगायत विभिन्न ग्रन्थमा उल्लेख गरिएको छ तर वर्तमानमा यी धार्मिक ऐतिहासिक बोकेका करिब ५० प्रतिशत अस्तित्वविहीन छन् भने बाँकी पनि दिनप्रतिदिन अतिक्रमणको चपेटामा पर्दे गएका छन् । यहाँ बाह्रैमहिना श्रद्धालुकोओइरो पनि लाग्ने गर्छ । तर पनि यहाँका कला , संस्कृति , भेषभूषा तथा मिथिला कलालाई जगेर्ना गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन पछि परेको छ । जनकपुरलाई चिनाउने कोसेली पनि उत्पादन हुन सकेको छैन् । श्रद्धालुले खरीद गर्ने सामग्री उद्योग स्थापनाको अवधारणा नै पाइदैन । अन्य देशकै सामग्री जनकपुरधामको नाममा बेच्ने अवस्था आफैमा जनकपुरकै लागि बाधक बनि रहेकोतर्फ सरोकारवाला निकायको गएको छैन । वाबाधामको पेडा जसरी प्रसादरुपी पहिचान बनाउन सकेको छ त्यस्तै जनकपुरधामले कोसेली र प्रसादतर्फ ध्यान दिनु जरुरी छ । अयोध्या , मथुराजस्ता महत्वपूर्ण स्थलहरुमा विविध रचनात्मक र सिर्जनात्मक क्रियाकलाप गर्न सम्भावना छ । विकास भन्दा पनि विनाश , अपनत्वको अभाब , श्रद्धालुसँग अभद्रता , लुटने ,जग्गाजमिनमा भूमाफियाको गिद्धे दृष्टि जनकपुरधामको समृद्धिमा बाधक बनेको सत्यलाई सरोकार निकायले मनन गर्नु आवश्यक छ ।

# मधेश प्रदेशसभामा 'धेरै बोलिरहने' यी महिला सांसद



चाँदनी झा

ललिता दास विद्रोही अहिले मधेश प्रदेशको प्रदेशसभा सदस्य छिन् । उनी आफ्नो दलबाट दलितको कोटामा समानुपातिक सदस्य भएकी हुन् ।

निर्वाचित भएको झण्डै दुई वर्षमा संसदमा धेरैपटक उठेर आफ्ना कुरा राख्ने सांसद मध्ये उनी पनि पर्छिन् ।

राजनीतिमा मात्र होइन आफ्नो समाजमा उनी हकी र परिवर्तनका लागि काम गर्ने महिलाका रूपमा परिचित छन् ।

अहिले दलित कोटाबाट समानुपातिक प्रदेश सांसद बन्न पाएकी उनले आफू दलित हुँ भन्ने थाहा भने ९ कक्षा पढ्दामात्रै पाएकी रहिछन् ।

माध्यामिक तह पढ्न उनले स्कुल फेर्नुपरेको थियो । स्कुल फेरेर अलिक टाढाको ठूलो स्कुल गएपछि उनले धेरै नयाँ कुरा सिकिन् ।

त्यतिबेला उनी र उनका साथीभाइबीच घरबाट खाजा ल्याएर खाने चलन बस्दै थियो । एकदिन उनका साथीहरूले उनीसँगै बसेर टिफिन खाएनन् ।

'किन सँगै बसेर खाजा नखाएको भन्ने कुरा त मैले पछि थाहा पाएँ नि । मैले छोएको खान हुन्न भनेका रहेछन्,' उनले सम्झिइन्, 'मेरो मन साह्रै दुख्यो । त्यही दुखाइ नै दलित हुनुको पहिलो अनुभुति थियो। सो कुरा घरमा भनेपछि हामी तल्लो जातको रहेको भन्ने कुरा थाहा भएको थियो ।'

आफूलाई कथित उपल्लो जात ठान्नेहरूले दलितलाई हेलाहोँचो गर्छन् भन्ने पनि त्यतिखेरै थाहा पाएकी थिइन् । त्यो चलन उनलाई पहिलो पटकमै मन परेन ।

त्यसअघि उनलाई आफू गरिब भएकाले नै अरू साथीहरूले जस्तो फेरि फेरि लुगा लगाउन नपाएको, खान नपाएको र अरू किसिमका दुःख पाएको भन्ने लाग्थ्यो। कलेजमा पढ्न थाल्ने बेलासम्म त यस्ता घटना उनले धेरै भोगिसकेकी थिइन् । अब भने उनलाई दलित भएकैले गरिब पनि भएको होला कि भन्ने लाग्दै गयो । पढाइमा आफू अब्बल हुँदाहुँदै पनि दलित कारण हेपिनुपर्ने अवस्थासँग उनलाई झोक चलेर आउँथ्यो। समाजको यस्तो चालचलनको उनी विरोधि भएर निस्किइन् । अहिले त उनले आफ्नो नामको पछि 'विद्रोही' भन्न चाहन्छिन् ।

उनी २०४२ साल मंसिर १६ गते सिरहाको लहान नगरपालिका वडा नम्बर १ स्थित मटिहर्वा गाउँमा बुवा शिवराम दास र आमा किशोरी देवीबाट जन्मिएकी हुन् ।

उनका दिदीहरू स्कुल गएका थिएनन् तर उनी हुर्किँदै गर्दा गाउँमा छोरीलाई पढाउनु पर्छ भन्ने चेत खुल्दै थियो। उनी पाँचवर्षकी हुन थाल्दै गाउँका साथीहरूसँग स्कुल गइन् ।

दलित बस्ति भएकाले उनको गाउँ राज्यको हरेक सुविधाबाट वञ्चित थियो। बाटोघाटो समेत राम्रो थिएन। पढ्नका लागि उनीजस्ता दर्जनौं छात्रछात्रालाई टाढासम्म पैदल हिँड्नुपर्थ्यो ।

उनी स्कुल जान थालेपनि घरमा पढ्नै पर्छ भनेर कर कसैले गर्दैनथे। तर पनि उनी सानैदेखि पढाइमा गम्भिर थिइन् । एकदिनको कुरा हो शिक्षकले उनलाई भित्र पस्नै दिएनन् ।

खास के भएको थियो भने, उनका बुवा दिनभरी खेतमा काम गर्ने जान्थे। उनलाई खाना र खाजा खेतमै पुऱ्याइदिनुपर्थ्यो । त्यो दिन स्कुल जाने बेला दिदीले ललितालाई भनिन्- बुवालाई खाना पुऱ्याइदेउ ।

दिदीले भनेको मानेर उनी खाना लिएर खेतमा गइन् । फर्केर घर आएर कापि किताब राख्ने बोराको झोला र सिलेट लिएर स्कुल गइन् । न हातमा घडि न घरमा त्यसैले समय कति भयो भन्ने कुरै उनलाई थाहा थिएन ।

ढिलो आएको भनेर उनलाई शिक्षकले कक्षाकोठामा प्रवेश दिएनन् । सजायस्वरूप उनलाई बाहिरै बस्न भने । उनी पनि कक्षाकोठा बाहिर बोरा ओच्छ्याइन अनि भित्र शिक्षकले पढाएको सुनेर बसिन् । यो कक्षा एकमा कखराको अन्तिम कक्षा थियो । त्यो दिन आफूले कदेखि ज्ञ सम्मका सबै अक्षर लेख्न सिकेको उनी बताउँछिन् ।

उनको पढाईमा रूचि देखेर सरहरूले माया गर्न थाले तर परिवारले भने पढ्नु र नपढ्नु चासो दिएको थिएन ।

जब उनले प्रथम श्रेणी ल्याएर तीन कक्षा पास गरिन् तब स्कुल र बस्ती भरी उनको चर्चा चुलियो। त्यसपछि बल्ल आमाबुवाले पनि उनको पढाइमा चासो दिन थाले ।

तर घरको काम नगरि उनलाई सुख थिएन । घरकै कामको कारणले उनले धेरैदिनसम्म स्कुल जान भ्याउन्नथिन् । अनि हेडसर आएर सोध्थे। भोलीपल्टदेखि आमाबुवाले उनलाई स्कुल पठाउँथे । छोरीलाई पढ्न नरोके पनि उनका आमाबावुले उनलाई राम्रो गरि घर व्यवहार गर्न सिकाएर विहे गरिदिने सपना बाहेक अर्को कुनै सपना देखेका थिएनन्। ललिताले भने धेरै पढ्ने सपना बुन्दै थिइन् । उनको सपनालाई हेडसरले हाँगा हाल्दै भन्थे- तिम्रो पढाइ राम्रो छ एसएलसी पछि साइन्स पढ्नु पर्छ। उनलाई लाग्थ्यो साइन्स पढेपछि ठूलो मान्छे भइन्छ ।

सपना बुन्दा बुन्दै ललिता केही ठूली भइन् । अनि आमाबुवाले आफ्नो सपना पुरा गर्न उनको विहे गरिदिए । धन्न उनले विहे पछि पनि पढ्न जान छोडिनन् । विहे गरेको चार वर्षपछि उनले एसएलसी पास गरिन् ।

उनका श्रीमानले क्याम्पस जान उनलाई सहयोग गरे ।

'पढ्न जाने भए जाउ भन्नुभयो । सानोतिनो जागिर खोज्यौ भने तिमीलाई पढ्न र पकेट खर्च गर्न सजिलो होला भनेर उहाँले नै मलाई हौसला दिनुभयो,' उनले सम्झिइन् ।

उनले आफ्ना स्कुलका हेडसरले देखाएको बाटो रोजिन् । साइन्स लिएर आइए भर्ना भइन् ।

उनले कलेज पढिरहँदा मधेश आन्दोलन सुरू भएको थियो । उनी पनि आन्दोलनमा चासो राख्न थालिन्। त्यहाँ मधेसी र दलितलाई कसरी राज्यले पछि पारेको



छ भन्ने कुरा हुन्थे। राज्यले आरक्षण दिनुपर्ने कुरा उठ्थ्यो। यी सबकुराले उनको राजनीतिमा चाख बढाउँदै लगे। उनी आफै आन्दोलन भएका ठाउँमा जान थालिन्। आन्दोलनमा गएर उनले धेरै कुरा सिकिन् ।

लहानस्थित क्याम्पसमा आइएससी पढ्दै गर्दा उनले स्थानीय रेडियोहरूमा पार्टटाइम काम गर्न थालेकी थिइन् ।

रेडियोमा कार्यक्रम सञ्चालन गर्ने, गीतसंगीत बजाउने, विज्ञापनमा भ्वाइस दिने र ग्रामीण भेगमा गएर स्थलगत कार्यक्रम उत्पादन गर्नेलगायतका कामहरु गर्नुपर्थ्यो । रेडियोमा काम गर्दा धेरै मान्छेसँग उनको कुराकानी भयो। त्यही भएर उनले राजनीतिक/ सामाजिक विषयमा आफ्नो ज्ञानको दायरा बढाउँदै लैजान पाइन् ।

आइएसस्सी सकेपछि पढाउनुपर्ला भन्ने सोच्दै थिइन् । तर स्टाफनर्स पढ्न पूर्ण छात्रवृत्ति पाइन्। साथसाथै उनले रेडियोमा पनि काम गर्थिन् ।

०६९ उनको घरको आर्थिक अवस्था निकै नाजुक भयो । योबेला बीचमै पढाइ छोड्नुपर्यो। उनी परिवार सम्हाल्न तिर लागिन् ।

२०७१/७२ सालतिर मुलुकमा नयाँ संविधान बनाउने काम तिब्र हुँदै थियो । संविधानमा लेख्न लागिएका नागरिकता लगायतका सवालमा मधेशवादी दलहरूले असहमति जनाए । राज्यले र यसको संस्थापनले वर्षौंदेखि आफूहरूमाथि गर्दै आएको विभेदकारी व्यवहारले मधेसी जनता असन्तुष्ट थिए। संविधान निर्माणका क्रममा मधेसमा आन्दोलन हुन थाल्यो ।

बालबच्चा र परिवारको ख्याल गर्न पढाइ छोडेपनि उनी घरभित्रै मात्र बसिरहन सक्ने थिइनन्। उनीभित्र पलाइरहेको राजनीतिक चेतले पनि उनलाई घरभित्र बसिरहन दिन्नथ्यो ।

मधेश र मधेशीमाथि राज्यले नै विभेद गरी अन्याय, अत्याचार गरेको देखेपछि त उनी आन्दोलनमा सहभागी भइन् ।

त्यसपछि नै हो उनको राजनीतिक यात्रा सुरू भयो । उनले आन्दोलनका क्रममा राजनीतिक संगत बढाइन्। जनताका सुख दुख बुझिन् । उनी यसै पनि अन्याय र अत्याचार भएको कुरा मन पराउन्नन्। राजनीति उनले आफ्नै हिसाबले सुरू गरिन् । आन्दोलनमा लागे पनि उनी कुनै पार्टीमा संलग्न थिइनन् ।

संविधान जारी भएपछि पनि मधेसमा आन्दोलन धेरै समय भइरह्यो ।

आन्दोलनपछि पनि उनी समाजका विविध विषयमा आफ्नै हिसाबले कुरा राख्न थालिन् । अन्याय भएको ठाउँमा गएर त्यसको विरूद्ध काम गर्न थालिन् । धेरैजसो महिलामाथि भएका अन्यायविरूद्ध आवाज उठाइन् ।

२०७४ सालमा चुनाव हुन लाग्दै थियो । यो चुनाव संघियता लागु गर्ने पहिलो चुनाव थियो। किनभने यसले चुनाव मार्फत प्रदेश सरकार गठन गर्थ्यो ।

राजनीतिका सैद्धान्तिक पक्ष यसले गर्ने कामबारे थाहा भएपनि चुनावी प्रकृयामा कसरी सहभागी हुने भन्ने उनलाई थाहा थिएन । उम्मेदवारी कति किसिमका हुन्छन् भन्ने थाहा थिएन रे ।

उनलाई चुनावमा उठ्ने उम्मेदवारी दिने र जिम्मेवारी लिने कुरामात्र थाहा थियो ।

ललिताले संघियता लागु गर्ने यो चुनावमा आफू पनि सहभागी हुने निर्णय गरिन् । र प्रदेशसभा सदस्यमा उम्मेदवारी दिइन् ।

'मलाई समाजका महिलाहरूले तँ जित्छस् चुनावमा लड भन्यो । घर परिवार र श्रीमानसँग सरसल्लाह गरेँ । तर त्यतिबेला टिकट, स्वतन्त्र भन्ने कुरा थाहा थिएन । उम्मेदवारी दिनुपर्छ र जित्नुपर्छ भनेर मात्रै सबैले भने, मलाई पनि त्यही लाग्यो । र मैले उम्मेदवारी स्वतन्त्र रुपमा दिएँ,' उनले भनिन् ।

राजनीतिमा लाग्दा उनले धेरैलाई चिनेकी थिइन्, समाजिक काममा पनि हिँड्ने भएकोले भोट पनि राम्रै आउला भनेर उनी चुनावमा होमिएकी थिइन् । तर सोचे जस्तो भएन। उनले चुनाव हारिन् ।

'प्रचारप्रसार गर्ने तरिका पनि थाहा थिएन। गाउँघरमै चन्दामार्फत प्राप्त भएको आर्थिक सहयोगले प्रचारप्रसार गरियो। दलित र महिलाको मुद्दा उठाएर मधेश आन्दोलनलाई समर्थन गरी सहभागी भएको थिएँ र रेडियोका काम गर्दाको बेग्लै पहिचान भएकाले पनि आफू अवश्य जित्छु भनेर लागियो। तर परिणामा उल्टो आयो,' उनले भनिन् ।

त्यसपछि उनलाई राजनीतिक दलहरूले बोलाउन थाले। ललिता भने उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपालमा प्रवेश गरिन् । र पार्टीमार्फत नै काम गर्न थालिन् अनि जसपाको केन्द्रीय सदस्य समेत भइन् ।

२०७९ सालको चुनावमा जसपाले उनलाई प्रदेश सभाको समानुपातिक उम्मेदवारको सूचिमा राख्यो। पछि उनी मधेस प्रदेशसभामा सदस्य भइन् ।

'लहानमा जसपा नेपालको पकड राम्रो छ । घरमा पनि नेताहरु पहिलादेखि आउनेजाने गर्थे र जसपा नेपालले नै पार्टीमा आएपछि उम्मेदवार बनाउँछु र जिताउँछु भनेर भन्यो । दलित मधेशी महिलाको लागि काम गर्ने पार्टी हो भनेर भनेपछि मैले यही पार्टी रोजेँ,' उनले भनिन् ।

यसरी उनले आफ्नो राजनीतिक यात्रा आफै तय गर्दै प्रदेश सभा सदस्यसम्म भएकी हुन्। स्कुल पढ्दा धेरै पढ्ने सपना देखेकी ललिताका सपना अहिले फेरिएका छन्। उनी सांसद मात्र होइन मन्त्री, मुख्यमन्त्री र प्रधानमन्त्री समेत हुन चाहन्छिन् ।

'राजनीतिमा लागेपछि मेरो सपना फेरिएको छ। सामाजको हितमा बोल्ने अनि काम गर्ने। यी काम गर्न राजनीतिक नेतृत्वमा पुग्न जरूरी छ । अहिले प्रदेश सांसद भएकाले एक सफल सांसद भएर आफ्नो समाजको लागि प्रभावकारी काम गर्नुपर्छ भनेर लागेको छु,' उनले भनिन्, 'मेरो सपना त प्रधानमन्त्री भएर देश चलाउने नै छ नि । सपना त देख्नु पर्यो नि। काम गर्दै गए पुरा हुन पनि त सक्छ ।'

प्रदेश सभा सदस्य भएपछि उनले मधेसमा दलित र महिला अन्यायमा परेका विषय उठान गरेकी छन् । आर्थिक र समाजिकरूपले उनीहरूलाई सबल बनाउन बजेट छुट्याउ भन्दै भाषण गरेकी छन् । विभिन्न नगरहरूमा बोल्न जाँदा दलित मैत्री बजेट बनाउन माग गरेकी छन् । राजनीतिक नेताहरूले महिला र दलितलाई गरेका व्यवहार सहि छैनन् भने तिनको विरोध गर्ने उनको स्वभाव छ । त्यसैले पनि धेरैले उनलाई विद्रोही छिन् भनेर चिन्छन् । कसैले त धेरै बोल्छिन् भनेर कुरा पनि काट्छन् ।

राजनीतिक कुरामात्र होइन समाजमा दलित र छोरीलाई हेलाहोचो गरिने प्रथा हटाउन आवाज उठाएकी छन् । आवाज मात्र उठाएकी छैनन् कतिपय व्यवहार परिवर्तन आफैबाट सुरू गरेकी छन् ।

त्यसमध्ये एक हो, आमाको दाहसंस्कार ।

मधेसी समाजमा लास बोक्ने, मलामी जाने र दाहसंस्कारमा महिलाहरूलाई सहभागी गराईंदैन। आफ्ना अभिभावकलाई अन्तिम बिदाइ समेत गर्न नपाउने यस्तो संस्कार विरूद्ध उनले आवाज उठाइन् ।

आफ्नी आमाको मृत्युपछि पार्थिव शरीर बोकेर घाटसम्म गइन्, दाजुसँगै उनले पनि आमालाई दागबत्ती दिइन् अनि आमाको काजक्रियामा पनि बसिन् ।

आफ्नी आमाको अन्तिम विदाइ गर्ने इच्छा मात्र पुरा गर्न होइन छोरीहरू छोरा सरह जिम्मेवारी उठाउन र अधिकार भोग गर्न सक्छन् भन्ने कुरा समाजलाई बुझाउन पनि आफूले आमाको दाहसंस्कार गरेको उनको भनाइ छ ।

प्रदेशसभामा प्रवेश गरेपछि उनले स्थानीयस्तरदेखि प्रदेशस्तरीयसम्मका सामाजिक, राजनीतिक, आर्थिक, महिला तथा घरेलु हिंसा, बालबालिकाको अधिकार, यूवापुस्ताको अवस्था, आर्थिक समृद्धिका लागि रोजगार र विकासलगायतका बारेमा आफ्नो विचार राख्दै आएकी छन् ।

उनले प्रदेशसभामा हुने गरेका विभिन्न विधेयकमाथि महिला र दलितको प्रतिनिधित्वका लागि, उनीहरुको अवसरका लागि, विकासका लागि र राज्यको हरेक निकायमा पहुँच हुनुपर्ने माग गर्दै संसोधन हालेकी छन् ।

उनका राजनीतिक साथिहरू भन्छन्- समाजमा हुने गरेका साना मुद्दादेखि साझा मुद्दासम्म उनले उठाउने गरेकी छन् ।

प्रदेशसभा सदस्य किरण कुमारी साह पनि सभासदस्य ललिताको कामबाट प्रभावित रहिछन् ।

'प्रायः हरेक पटक हाउसमा बोल्न पाउँदा वहाँले स्थानीय, प्रदेश र संघीय सरकारका कामका बारेमा प्रश्न उठाउनुहुन्छ,' उनले भनिन्, 'वहाँमा बोल्ने कला पनि छ । दलित, महिला वा सिमान्तकृतमाथि भएका थिचोमिचो विरूद्ध उहाँको खरो विरोध मलाई खुब मन पर्छ ।'

ललितालाई भने सरकार, प्रहरीप्रशासन र अदालतले सांसदले उठाएका विषयमा ध्यान नदिँदा आफ्नो बोलि बोलिमै सिमित रहेको भन्ने लाग्छ ।

'महिला र दलित विरूद्धका थिचोमिचो त प्रहरी प्रशासन र अदालतले आफ्नो काम सहि तरिकाले नगर्दा ज्यादा भएका छन्,' उनले भनिन्, 'मैले संसदमा आवाज त उठाउँछु । तर सरकार र अदालतले सुन्नु पर्यो नि ।'

प्रदेशसभामा प्रवेश गरेपछि अहिलेसम्म ८४ पटक बैठक बसेको छ । जसमध्ये उनले ७३ पटक बोल्ने अवसर पाएकी छन् । जसमध्ये उनले दलित महिलामाथि हुने गरेको अन्याय, अत्याचार र बलात्कारबारे बोलेकी छन् ।

आफूले पार्टी र सदनसँगै लडेर बोल्ने समय माग गर्ने गरेको उनले बताइन् ।

प्रदेशसभा बैठकमा बोल्नका लागि पार्टीले समय उपलब्ध गराउँछन् । जुन अवसर संसदीय दलका नेता, उपनेता, प्रमुख सचेतक र सचेतकले बोल्ने विषयमा अनुमति दिने गर्छन्, बोल्नका लागि पनि पार्टीबाट अनुमतिसँगै समय पनि माग गर्नुपर्ने हुन्छ ।

'संसदमा को बोल्ने कति समय बोल्ने भन्ने कुरा हाम्रो दलको संसदीय दलले तय गर्छ। समितिको बैठकमा त मैले लडेर नै हाउसमा बोल्ने अवसर लिने गरेको छु,' उनले भनिन्, 'नभए सजिलै ल तिमी बोल न भनेर कसले छोडिदिन्छ र ?'

ललिता अहिले प्रदेशसभाको महिला, बालबालिका तथा सामाजिक न्यायका सदस्यसमेत छिन् । समितिले खासगरि महिला, बालबालिका र न्याय सम्बन्धी नीति नियमकानुनबारे छलफल गर्छ। कानुन निर्माणको काम पनि गर्छ ।

प्रदेश सभामा आफ्नो सक्रिय भूमिका निभाउँदै आएकी ललितालाई राजनीति नै समाजका धेरै समस्या समाधानको माध्यम हो भन्ने लाग्छ ।

'समाजका समस्या समाधान गर्ने यो क्षेत्र आफै पनि सुधार हुँदै जानु आवश्यक छ। शासनसत्ता नै सही व्यक्तिको हातमा नपुगेसम्म, सहि बाटोमा नहिँडेसम्म अरू क्षेत्र सुधार गर्न गाह्रो छ,' उनले भनिन्, 'राज्यले सुशासन, समानता र समतामुलक अधिकार दियो भने देश बन्दै जान्छ। जुन काम अझैसम्म हुन सकेको छैन। त्यसैले त हामीले संघर्ष गर्नुपरिरहेछ नि ।'

आफूले महिला, दलित र मधेसीमाथि भएको थिचोमिचो बुझेपछि राजनीतिमा लागेको भन्दै ललिता भन्छिन्- आफ्नो अवस्था सुधार्न मैले एक्लै संघर्ष गरिरहेका बेला दलित, महिला र मधेसीलाई राज्य र समाजले गरेका अन्यायबारे थाहा पाएँ । अनि अन्यायविरूद्ध आन्दोलनमा होमिएँ । जानेर नजानेर भए पनि त्यही अन्याय मेटाउन म राजनीतिमा आएको हुँ । मेरा पाइला अब कहिलै पछाडि फर्किने छैनन् ।

# बलियो बनाऔँ-लोकतान्त्रिक संस्कृति



डा शोभाकर पराजुली

मजबुत लोकतान्त्रिक संस्कृति निर्माण गर्नु भनेको एक जटिल र दीर्घकालीन प्रक्रिया हो, जसले समाजका विभिन्न तह, संस्था र व्यक्तिहरूको सक्रिय सहभागिता र समर्पणको आवश्यकता पर्छ । लोकतन्त्र केवल संविधान र कानुनमा सीमित हुनु हुँदैन, यो जनताको मानसिकता, संस्कृति र दैनिक जीवनशैलीमा गहिरो रूपमा समावेश हुनुपर्छ । लोकतान्त्रिक संस्कृतिको निर्माणका लागि सबै पक्षहरूमा ध्यान दिन आवश्यक छ र यसका लागि विभिन्न कदमहरूको अवलम्बन गर्नुपर्छ ।

शिक्षा र जागरूकता लोकतान्त्रिक संस्कृति निर्माणको आधार हो । नेपालमा लोकतन्त्रका मूल्य, सिद्धान्त र महत्वका बारेमा जनतालाई शिक्षित गर्नु अत्यन्त आवश्यक छ । शिक्षाले नागरिकहरूलाई उनीहरूको अधिकार र कर्तव्यका बारेमा जानकारी दिन्छ र उनीहरूलाई लोकतान्त्रिक प्रक्रियामा सक्रिय रूपमा सहभागी हुन प्रोत्साहित गर्छ । विद्यालयस्तरदेखि उच्च शिक्षासम्म लोकतान्त्रिक मूल्यहरूको शिक्षा अनिवार्य रूपमा समावेश गर्नुपर्छ । छात्रहरूको बहस, चर्चा र समस्या समाधानका लागि प्रशिक्षण दिने प्रक्रियाले दीर्घकालमा लोकतान्त्रिक संस्कृतिलाई बलियो बनाउन मद्दत पुऱ्याउँछ । साथै, नागरिक शिक्षाको प्रसार पनि यस प्रक्रियामा महत्वपूर्ण छ, जसले जनतालाई आफ्नो जिम्मेवारी बुझ्न र लोकतान्त्रिक प्रक्रिया प्रति सचेत बनाउँछ । यसले जनतालाई व्यक्तिगत र सामाजिक जिम्मेवारीहरूको बारेमा शिक्षित गरिन्छ र तिनीहरूलाई लोकतान्त्रिक अधिकारको महत्व र आवश्यकता बुझ्न मद्दत पुऱ्याउँछ ।

पारदर्शीता र जवाफदेहीता लोकतान्त्रिक संस्कृतिको अर्को महत्वपूर्ण आधार हो । सरकारी संस्थाहरूले आफ्नो कार्यप्रणालीमा पारदर्शीता र जवाफदेहीता कायम गर्नुपर्छ । भ्रष्टाचार, अनियमितता र असमानतालाई समाप्त गर्नका लागि कडा कानुनी प्रावधानहरू र तिनीहरूको प्रभावकारी कार्यान्वयन आवश्यक छ । सरकारले नागरिकहरूको प्रतिक्रिया सुन्नु, तिनीहरूको आवश्यकतालाई प्राथमिकता दिनु र नीति निर्माण प्रक्रियामा नागरिकहरूको सक्रिय सहभागिता बढाउनुपर्छ । यसबाट जनतामा सरकारप्रति विश्वास निर्माण हुन्छ र लोकतान्त्रिक प्रक्रियामा उनीहरूको आस्था बलियो बनाउँछ । सरकार र प्रशासनले आफ्ना कामकाजमा पूर्णरूपमा पारदर्शीता र जिम्मेवारी राख्नु आवश्यकता छ । यसले जनतालाई सरकारप्रति सकारात्मक दृष्टिकोण बनाउन मद्दत पुऱ्याउँछ । जवाफदेहीता सुनिश्चित गर्नका लागि लोकतान्त्रिक निकायहरूलाई मजबुत बनाउनु पनि उत्तिकै जरुरत पर्दछ, जसले जनतालाई आफ्नो अधिकारको रक्षा गर्न प्रोत्साहित गरोस् ।

स्वतन्त्र र निष्पक्ष मिडिया लोकतान्त्रिक संस्कृतिको अर्को एक अपरिहार्य अङ्ग हो । मिडियाले सरकार, संस्था र व्यक्तिहरूका गतिविधिहरूमा निगरानी राख्ने, जनतालाई सूचना प्रदान गर्ने र सार्वजनिक मुद्दाहरूमा खुला बहस गर्ने महत्वपूर्ण जिम्मेवारी लिएको हुन्छ । स्वतन्त्र मिडियाले भ्रष्टाचार र अन्य अनियमितताको विरुद्ध आवाज उठाउन सक्छ र नागरिकलाई सचेत बनाउँछ । त्यसैले मिडियाको स्वतन्त्रता र सुरक्षा सुनिश्चित गर्नु अत्यावश्यक छ । साथै, पत्रकारहरूको उचित प्रशिक्षण र संरक्षणमा ध्यान दिनुपर्छ, ताकि उनीहरू आफ्नो काममा निष्पक्ष र जिम्मेवार बन्न सकून् । मिडियाले लोकतान्त्रिक प्रक्रियामा जनताको आवाजलाई प्रकट गर्ने महत्वपूर्ण भूमिका खेल्दछ र यसले सरकार र सार्वजनिक निकायहरूसम्म जनताको आवाज पुऱ्याउनमा मद्दत गर्छ ।

राजनीतिक दलहरूको भूमिका लोकतान्त्रिक संस्कृतिमा महत्वपूर्ण छ । राजनीतिक दलहरूले लोकतान्त्रिक मूल्यहरूको पालना गर्नुपर्छ र आफ्ना आन्तरिक क्रियाकलापमा पारदर्शीता र जवाफदेहीता ल्याउनुपर्छ । दलहरूले जनताको आवाजलाई प्रतिनिधित्व गर्ने, नीति निर्माण प्रक्रियामा सहभागी हुने र राष्ट्रनिर्माणमा योगदान दिने जिम्मेवारी लिनुपर्छ । स्वस्थ प्रतिस्पर्धा र बहसले लोकतन्त्रलाई बलियो बनाउँछ र राजनीतिक दलहरूबीचको सहकार्यले लोकतान्त्रिक प्रक्रियामा सुधार ल्याउँछ । यसका साथै, युवा र महिलाहरूलाई राजनीतिमा सहभागी गराउनुले लोकतान्त्रिक प्रक्रियामा समावेशीता र प्रतिनिधित्व सुनिश्चित गर्न मद्दत गर्छ । राजनीतिक दलहरूको पारदर्शीता र जिम्मेवारी नागरिकको विश्वासको आधार हो र यसले देशको समृद्धि र सामाजिक समावेशीता सिर्जना गर्न मद्दत पुग्दछ ।

नागरिक समाजको सक्रिय भूमिका लोकतान्त्रिक संस्कृतिका लागि अत्यन्त महत्वपूर्ण छ । गैरसरकारी संस्था, सामुदायिक समूह र स्वयंसेवी संस्थाहरूले समाजका विभिन्न समूहहरूको आवाज उठाउने, सामाजिक न्यायका लागि आन्दोलन गर्ने र सरकारलाई जवाफदेही बनाउन मद्दत गर्छन् । यी संस्थाहरू जनतालाई सङ्गठित गर्दै तिनीहरूको अधिकारका लागि लड्न र लोकतान्त्रिक मूल्यहरूको प्रचार गर्न महत्वपूर्ण भूमिका खेल्छन् । नागरिक समाजलाई स्वतन्त्र रूपमा काम गर्न दिने, तिनीहरूलाई सुरक्षा र संरक्षण प्रदान गर्ने र तिनीहरूको योगदानलाई मान्यता दिने प्रक्रिया लोकतान्त्रिक संस्कृति निर्माणमा महत्वपूर्ण छ । गैरसरकारी संस्थाहरूले जनतालाई सचेत बनाउने र तिनीहरूको अधिकारको बारेमा जानकारी प्रदान गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्छन् ।

समावेशी र समानतामूलक समाज निर्माण लोकतान्त्रिक संस्कृतिको आधार हो । नेपाल विविध जाति, भाषा, धर्म र संस्कृतिको देश हो । यी विविधतालाई सम्मान गर्दै समानतामूलक समाज निर्माण गर्नु अत्यन्त आवश्यक छ । सबै नागरिकलाई समान अवसर, अधिकार र सुविधाहरू प्रदान गर्ने, भेदभाव र असमानतालाई समाप्त गर्ने र सबैलाई राष्ट्रनिर्माणमा सहभागी बनाउने प्रयासले लोकतन्त्रलाई बलियो बनाउँछ । विशेष गरी, महिला, दलित, अल्पसङ्ख्यक र पिछडिएका समुदायहरूको सशक्तीकरणले समाजलाई समृद्ध र न्यायपूर्ण बनाउँछ । समानताको सुनिश्चितता र समावेशीताले मात्र लोकतान्त्रिक प्रक्रियामा विश्वास कायम राख्न सकिन्छ ।

कानुनको शासन र न्यायपूर्ण प्रणाली लोकतान्त्रिक संस्कृतिका लागि अपरिहार्य छ । नेपालमा कानुनले सबैलाई समान रूपमा लागू हुनुपर्छ र न्याय प्रणालीले निष्पक्ष र पारदर्शी रूपमा काम गर्नुपर्छ । न्यायिक स्वतन्त्रता र निष्पक्षता नागरिकको अधिकारको रक्षा गर्न महत्वपूर्ण छन् । कानुनी सुधार र न्याय प्रणालीको क्षमता विकासले लोकतान्त्रिक संस्कृतिलाई अझ बलियो बनाउँछ र नागरिकमा विश्वास निर्माण गर्छ । यसले जनतालाई आफ्नो अधिकारको रक्षा गर्न प्रोत्साहित गर्दछ । न्याय र कानुनी प्रक्रियाको पारदर्शीता नेपालमा लोकतान्त्रिक संस्कृतिको सबैभन्दा महत्वपूर्ण पाटो हो ।

अन्ततः लोकतान्त्रिक संस्कृति निर्माणका लागि दीर्घकालीन दृष्टिकोण र समर्पण आवश्यक छ । यो काम एकैचोटी वा अल्पकालमा हुने कुरा होइन । लोकतान्त्रिक संस्कृतिका मूल्यहरू समाजका सबै वर्गले आत्मसात गर्नुपर्छ र तिनीहरूलाई दैनिक जीवनमा कार्यान्वयन गर्नुपर्छ । सरकार, राजनीतिक दल, नागरिक समाज, मिडिया र जनताको संयुक्त प्रयासले मात्र नेपालमा मजबुत लोकतान्त्रिक संस्कृति निर्माण गर्न सकिन्छ । यदि यी सबै क्षेत्रहरूमा समन्वित र दीर्घकालीन प्रयासहरू गरिन्छ भने नेपालमा लोकतान्त्रिक संस्कृति दृढ र समृद्ध हुनेछ । यसले देशलाई एक समृद्ध, न्यायपूर्ण र शान्तिपूर्ण राष्ट्र बनाउने मार्गप्रशस्त गर्नेछ ।

# काठमाडौँ-तराई/मधेस द्रुतमार्गको समस्या समाधानमा प्रधानमन्त्रीको चासो



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको काठमाडौँ-तराई-मधेस द्रुतमार्ग सडक आयोजनाको हालसम्मको प्रगति र विद्यमान समस्या तथा समाधानका उपायबारे बुधबार जानकारी लिनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, भौतिक पूर्वाधारमन्त्री तथा यातायात देवेन्द्र दाहाल, रक्षामन्त्री मानवीर राई, प्रधानमन्त्रीका आर्थिक मामिला सल्लाहकार डा युवराज खतिवडा, नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देल र उच्चाधिकारीको सहभागितामा आयोजनाबारे छलफल भएको हो।

> द्रुतमार्ग कूल ७० दशमलव ९७ किलोमिटर रहेको छ । रु दुई खर्ब ११ अर्ब ९३ करोड लागतको सो सडक आयोजना विसं २०७४ मा सुरु भएको हो । आयोजनाको संशोधित अवधि २०८३ चैतमा सम्पन्न गर्ने लक्ष्य छ । आयोजनाको हालसम्मको समष्टिगत भौतिक प्रगति ३७ दशमलव ६ र वित्तीय प्रगति ३९ दशमलव ७४ रहेको जङ्गी अड्डाले जनाएको छ ।

छलफलमा नेपाली सेनाका तर्फबाट आयोजनाको सुरु बिन्दु खोकनामा जग्गा अधिग्रहणका लागि लामो समयदेखिको समस्या, आयोजना क्षेत्रमा पर्ने रुख कटानमा ढिलाइ आदिबारे अवगत गराइएको थियो । प्रधानमन्त्री ओलीले सोच विचार गरेरै नेपाली सेनालाई आयोजनाको जिम्मेवारी दिइएकाले गुणस्तरीय काम हुने विश्वास व्यक्त गर्नुभयो। सम्बन्धित मन्त्रालयले खोकना क्षेत्रको समस्या समाधानको प्रस्ताव ल्याउन उहाँले आग्रह गर्नुभयो।

उक्त द्रुतमार्ग कूल ७० दशमलव ९७ किलोमिटर रहेको छ। रु दुई खर्ब ११ अर्ब ९३ करोड लागतको सो सडक आयोजना विसं २०७४ मा सुरु भएको हो। आयोजनाको संशोधित अवधि २०८३ चैतमा सम्पन्न गर्ने लक्ष्य छ । आयोजनाको हालसम्मको समष्टिगत भौतिक प्रगति ३७ दशमलव ६ र वित्तीय प्रगति ३९ दशमलव ७४ रहेको जङ्गी अड्डाले जनाएको छ ।रासस

# लामिछानेसहितको मुद्दा न्यायाधीश ढकालको इजलासमा

चितवन । साहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको रकम हिनामिना गरेको अभियोगमा रास्वपा सभापति रवि लामिछाने जिल्ला अदालतमा उपस्थित हुनुभएको छ। उहाँ बुधबार बिहान १० बजे अदालतमा उपस्थित हुनुभएको हो।

लामिछाने अदालतमा उपस्थित भएसँगै उहाँको मुद्दा गोलाप्रथाबाट न्यायाधीश दयाराम ढकालको इजलासमा परेको छ । अदालतका सूचना अधिकारी अमृत विश्वकर्माका अनुसार ढकालको इजलासमा बयान सुरु गरिएको छ। अदालतमा बयान सकिएसँगै थुनछेक बहस सुरु हुने उहाँले बताउनुभयो । सरकारी वकिल कार्यालयले मङ्गलबार लामिछानेसहित १५ जनाविरुद्ध मुद्दा दर्ता गराएको थियो । व्यक्तिबाहेक छ वटा संस्थाविरुद्ध पनि अदालतमा मुद्दा दर्ता गरिएको छ। अदालतमा मुद्दा दर्ता भएसँगै लामिछाने चितवन आउनुभएको हो।



दर्ता गरिएको मुद्दामा प्रतिवादीहरुमा लामिछानेसहित छविलाल जोशी, रामबहादुर खनाल, रविना रिमाल, विशाल गुरुङ, नवीन अछामी, कविता तामाङ, दीपक लामा, असरफअलि सिद्दिकी, भगवती बम्जन, लक्ष्मीप्रसाद पौडेल, विज्ञान राई, नेत्रपाणि बास्तोला, शिवबहादुर गुरुङ र प्रगति श्रेष्ठ रहेका छन् । यसअघि असोज ८ गते दर्ता भएको पहिलो मुद्दामा १७ जना प्रतिवादी थिए। त्यो समयमा लामिछानेलाई किटान गरिएको थिएन । मङ्गलबार दर्ता भएको मुद्दामा लामिछानेसहित १५ जना प्रतिवादी छन् भने गोर्खा मिडिया प्रालि, साहारा बचतसहित छ वटा संस्था रहेका पनि छन्।

साहारा सहकारीबाट रकम लगेर गएका पाँच कम्पनीमा गोर्खा मिडिया नेटवर्क प्रालि, नेचर हव इन्टरनेसनल प्रालि, जिवी ग्रुप अफ कम्पनी, स्प्रिङ उड स्टेट हाउजिङ प्रालि र नेचर नेष्ट प्रालि रहेका विश्वकर्माले जानकारी दिनुभयो। मुद्दा दायर भएका कूल ३२ मध्ये १२ जनाविरुद्ध ठगी र सङ्गठित अपराध तथा २० जनालाई ठगीमा मुद्दा दर्ता गरिएको हो । सङ्गठित अपराध र ठगीमा प्रतिवादी कायम भएका जिवी राई भन्ने जीतेन्द्रबाबु राई, हेमन्त अधिकारी, सागर केसी, आशिष आनन्द, अनन्तबाबु राई, भूपेन्द्र राई, देवेन्द्रबहादुर राई, दिनेश रोक्का, कुमार रम्तेल, छविलाल जोशी, दीपक लामा र नेत्र बाँस्तोला रहेका छन्।

यसअघि असोज ८ मा १७ जनाविरुद्ध चितवन जिल्ला अदालतमा मुद्दा दायर गरिएको थियो । सरकारी वकिल कार्यालयले जिवी राईसहित कुमार रम्तेल, सागर केसी, वीरबहादुर रानाभाट, हेमन्त अधिकारी, छत्रमणि भट्टराई, भपेन्द्र राई, अनन्तबाबु राई, आशिष आनन्द, देवेन्द्र बाबु राई, दिनेश रोका, दीपा न्यौपाने, शिवप्रसाद आचार्य, मनोज गुरुङ, तीर्थराज लामिछाने, शरण विश्वकर्मा, थमन भन्ने दानबहादुर बुढामगरलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको थियो। अघिल्लो पटक दर्ता भएका १७ जनाको पनि बयान लिइएको छैन।

साहारा चितवन बहुउद्देश्यीय सहकारी संस्थाको ठगी भएको भनिएको जम्मा रकम रु ५२ करोड ३२ लाख ८५ हजार ३०८ दशमलव ४७ रहेको छ। हाल जाहेरी परेको रकम रु ३८ करोड नौ लाख ७९ हजार १७७ क्षतिपूर्ति भराउन मागदाबी गरिएको विश्वकर्माले जानकारी दिनुभयो । रु ५२ करोडमध्ये अहिले अभियोगमा देखिएको र बाँकी थप रु १४ करोड २३ लाख छ हजार १३१ दशमलव ४७ जाहेरी परेका बखत पुनः पूरक अभियोग जाहेर हुने गरी अभियोग दाबी गरिएको छ।

बचतकर्तालाई भराउनुपर्ने क्षतिपूर्ति रकम विभिन्न छ वटा कम्पनीबाट साहारा चितवन बहुउद्देश्यीय सहकारीलाई दिलाउनुपर्ने रकम रु ४३ करोड ३२ लाख सात हजार ९२८ दशमलव ७५ रहेको छ । व्यक्तिगत रुपमा जिवी राईबाट रु ४१ लाख ३० हजार, असरफअलि सिद्दिकीबाट रु ती करोड २० लाख र महेन्द्र भोटे भन्ने शिवबहादुर गुरुङबाट रु दुई करोड ६४ लाख भराइनुपर्ने मागदाबी गरिएको छ ।रासस

# अधिराजकुमारी सोफीद्वारा कीर्तिपुर आँखा अस्पताल अवलोकन

काठमाण्डु । नेपाल भ्रमणमा रहनुभएकी संयुक्त अधिराज्य बेलायतका अधिराजकुमारी डचेस सोफी आज कीर्तिपुरस्थित 'कीर्तिपुर आँखा अस्पताल' जानु भई अस्पतालबाट प्रदान भइरहेका सेवा एवं सेवाग्राहीसँग भेटघाट गर्नुभएको छ ।

नेपाल नेत्रज्योति सङ्घद्वारा सञ्चालित सो अस्पतालले विसं २०७४ देखि सेवा सुरुआत गरेको थियो । अस्पतालले बेलायतको विकास साझेदार संस्था 'रिड्ली आइ फाउण्डेसन'का सहयोगमा नेपालका विकट उच्च पहाडी क्षेत्रमा निःशुल्क मोतिविन्दु शल्यक्रिया शिविर सञ्चालन गर्दै आइरहेको छ।

अधिराजकुमारी सोफी 'द इन्टरनेसनल एजेन्सी फर द प्रिभेन्सन अफ ब्लाइन्डनेस (आइएपिबी)' को 'ग्लोबल एम्बेस्डर' (विश्व सद्भावनादूत) हुनुहुन्छ। विश्वबाट नै उपचारपछि निको हुने अन्धोपन निवारण गर्ने अभियानमा सक्रिय उहाँले आँखा स्वास्थ्य क्षेत्रको विकास र विस्तारमा विश्वव्यापी रुपमा कार्य गर्दै आउनुभएको छ। 'आइएपिबी' विश्वका आँखा स्वास्थ्य क्षेत्रमा कार्यरत सङ्घ/संस्थाको साझा छाता सङ्गठन हो।

सो अवसरमा अधिराजकुमारी सोफिले नेपालको आँखा स्वास्थ्य क्षेत्रमा भएको प्रगतिको उच्च सराहना गर्दै आगामी दिनमा नेपालले आफ्नो प्राथमिक स्वास्थ्य प्रणालीमा आँखा उपचार सेवालाई पनि अझ बलियो बनाउन सुझाव दिनुभएको जनाइएको छ।

नेपाल नेत्रज्योति सङ्घले आफ्ना सञ्जालमार्फत नेपालमा आँखा उपचार सेवा प्रवाह गरिरहेको र वार्षिक सङ्घको सञ्जालमार्फत हजारौँ आँखाका बिरामीले निःशुल्क आँखा उपचार प्राप्त गरिरहेका छन्। नेपालमा जनस्वास्थ्य समस्याका रुपमा रहेको ट्रकोमा रोगलाई निवारण गर्न सफल भएको जानकारीबाट अधिराजकुमारी सोफी अत्यन्तै प्रभावित समेत हुनुभएको सङ्घका अध्यक्ष प्रा डा चेतराज पन्तले जानकारी दिनुभयो । अध्यक्ष प्राडापन्तले राजकुमारीको सोफी नेपाल भ्रमणका क्रमममा कीर्तिपुर आँखा अस्पतालको समेत अवलोकन गर्नुभएकामा धन्यवाद व्यक्त गर्नुभएको थियो।

सो अवसरमा सङ्घका महासचिव भरतबहादुर चन्द, कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्र, कीर्तिपुर आँखा अस्पताल व्यवस्था समितिका अध्यक्ष प्रा डा सविना श्रेष्ठ र मेडिकल निर्देशक डा एरिक वैद्यले अस्पतालका सेवाका बारेमा अधिराजकुमारी सोफीलाई जानकारी गराउनुभएको थियो।

सङ्घले नेपालका ६७ जिल्लामा आफ्नो स्थायी आँखा उपचार केन्द्रको स्थापना गरिसकेको छ। स्थापनादेखि हालसम्म सङ्घको सञ्जालमार्फत नेपाली नागरिक तथा अन्य विभिन्न देशका नागरिक गरी कूल चार करोड ३६ लाख २६ जना आँखाका बिरामीलाई उपचार सेवा प्रवाह गरिसकेको छ भने ५१ लाख ३३ हजार छ सय ५९ जनाको आँखाको शल्यक्रिया भइसकेको छ । हाल सङ्घअन्तर्गत देशभरमा २८ आँखा अस्पताल, एक सय ६० आँखा उपचार केन्द्र तथा ४४ जिल्ला शाखा सञ्चालनमा रहेका छन्।



संयुक्त अधिराज्य बेलायतका अधिराजकुमार डुयक अफ एडिनब्रा एडवार्ड र अधिराजकुमारी डचेस सोफी मंगलबार नेपाल भ्रमणका आउनुभएको थियो।

**अधिराजकुमारी सोफीद्वारा भक्तपुर अस्पतालको प्रसूति सेवाबारे चासो**

नेपाल भ्रमणमा रहनुभएकी संयुक्त अधिराज्य बेलायतका अधिराजकुमारी डचेस सोफीले बुधबार भक्तपुर अस्पतालको अवलोकन गर्नुभएको छ । उहाँले भक्तपुर अस्पतालको प्रसूति कक्ष (गाइनो वार्ड) को अवलोकन गर्नुभएको हो।

अवलोकनका क्रममा अधिराजकुमारी सोफीले प्रसूति सेवाबारे विस्तुत रूपमा जानकारी लिनुभएको थियो । उहाँले अस्पतालको प्रसूति कक्षमा रहेका सुत्केरी र नवजात शिशुको स्वास्थ्य अवस्था, उपचार विधिलगायत विविध पक्षका बारेमा जानकारी दिनुभएको थियो।

प्रसूति कक्षमा भर्ना भएका नवजात शिशुलाई बोकेर उहाँले अस्पतालले दिएको सेवा प्रशंसनीय रहेको भन्दै खुसी व्यक्त गर्नुभयो। यौन दुर्व्यवहार र हिंसामा परेका महिलाका बारेमा चासो लिँदै उहाँले हिंसा पीडित महिलाको व्यवस्थापन, पारिवारिक मिलन, सामाजिक पुनःस्थापनालगायत पक्षका बारेमा छलफल गर्नुभएको थियो।

अधिराजकुमारी सोफीले बिना पारिश्रमिक महिला स्वयंसेविकाले स्वास्थ्य क्षेत्रमा पुऱ्याइरहेको योगदानको प्रसंशा गर्दै मातृ तथा नवजात शिशुको स्वास्थ्य सेवामा अस्पतालले दिँदै आएको सेवा र योगदानप्रति खुसी व्यक्त गर्नुभयो। प्रसूति सेवामा भएको विकास र अस्पतालले प्रयोगमा ल्याएको आधुनिक प्रविधि र उपकरणका बारेमा जिज्ञासा राख्नुका साथै अधिराजकुमारी सोफीले बेलायत सरकारको सहयोगमा निर्माण भएको नयाँ भवन र स्तरोन्नति 'रेक्टोफिटिङ्ग' गरिएको भवनको समेत अवलोकन गर्नुभयो।

अवलोकनपछि छलफलका क्रममा बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले प्रदेशका १३ वटै अस्पतालमा प्रसूति कक्षलाई आवश्यक जनशक्ति, उपकरण र भौतिक संरचनाका लागि काम भइरहेको बताउनुभयो । मन्त्रालयका स्वास्थ्य सचिव डा सुमित्रा गौतमले भक्तपुर अस्पताल मुलुकको नमूना अस्पताल बनाउन सफल भएको उल्लेख गर्दै प्रदेशका सबै अस्पतालको विकासमा मन्त्रालय योजनाबद्ध रूपमा लागिरहेको बताउनुभयो ।रासस

# चिया निर्यातमा देखिएको समस्या समाधानको पहल गरिनेछ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली चियाको भारत निर्यातमा देखिएका समस्यालगायत चिया उद्योगलाई प्रवर्द्धन र प्रोत्साहन दिने विषयमा सक्दो पहल गर्ने विश्वास दिलाउनुभएको छ।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा प्रादेशिक चिया समन्वय समिति, कोशीसहित झापा र इलामका चिया उत्पादक सङ्घका प्रतिनिधिले बुधबार दिएको ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री ओलीले औपचारिक र अनौचारिक दुवै संयन्त्रबाट समस्याको समाधानमा पहल गर्ने बताउनुभएको हो। उहाँले नेपाली चियाको उचित बजार प्रवर्द्धन र विस्तारमा ध्यान दिन उद्यमीलाई सुझाव दिनुभयो।

प्रादेशिक चिया समन्वय समितिका अध्यक्ष आदित्य पराजुलीले चिया निर्यातबाट वार्षिक रु छ अर्बको विदेशी मुद्रा स्वदेश भित्रिँदै आएकामा हाल भारत सरकारबाट नेपाली चियालाई अनिवार्य भारतीय अक्सन (लिलामी प्रक्रिया)मार्फत मात्र आयात गर्ने नीतिगत व्यवस्था हुन लागेकाले यसबाट नेपाली उद्यगीलाई मार पर्ने विषयमा प्रधानमन्त्री ओलीलाई ध्यानाकर्षण गराउनुभयो।

ती संस्थाले नेपालमै अक्सन (लिलामी प्रक्रिया) केन्द्र सञ्चालन, नेपाली चियालाई दिइने निर्यात अनुदान तत्काल उपलब्ध गराउन र चिया बगान क्षेत्रमा सहज विद्युत् आपूर्ति र महशुलको प्रबन्ध गरिनुपर्नेलगायत माग प्रधानमन्त्रीसमक्ष गरेका छन् ।रासस


## श्री राष्ट्रिय माध्यमिक विद्यालय रुपैठ बेल्ही

**जनकपुरधाम उ.म.न.पा.-२०, रुपैठ**

## सिलबन्दी निवेदन आव्हानको म्याद थप सम्बन्धी सूचना

यस विद्यालयमा जिर्ण तथा उपयोगहीन अवस्थामा रहेको फलाम तथा कर्कट पाता (जस्ता पाता) बिक्रीको लागि मिति २०८१/१०/१४ गते दिउँसो १:३० बजषे सिलबन्दी निवेदन (टेण्डर) खोलिने गरी प्रकाशन भएको सूचना अनुसार पर्याप्त संख्यामा निवेदन दर्ता नभएकोले वि.व्य.स.को मिति २०८१/१०/१४ को निर्णय अनुसार दर्ता भएको निवेदनलाई यथावत राखी तपसिल अनुसारको शर्तमा सिलबन्दी निवेदन (टेण्डर) आव्हान गरिएको व्यहोरा जानकारीका साथ अनुरोध गरिन्छ।

**तपसिल**

१. फलामको न्यूनतम मुल्य रु. ४२ प्रति किलोग्राम
२. जस्तापाताको न्यूनतम मुल्य रु. ३७ प्रति किलोग्राम
३. धरौटी वापतको रकम रु. ३०००।- (रु. तिन हजार मात्र)
४. फाराम शुल्क रु. १००।- (रु. एक सय मात्र)
५. सिलबन्दी निवेदन (टेण्डर) दर्ता अन्तिम मिति : २०८१/१०/२९ गते बिहान ११ बजे सम्म।
६. सिलबन्दी निवेदन (टेण्डर) खोलिे मिति : २०८१/१०/२९ गते दिउँसो १:३० बजे।
७. अधिकतम मुल्य कबोल गरिएको निवेदन स्वीकृत गरिनेछ।
८. स्वीकृत भएको निवेदनका निवेदनकर्ता (निवेदक) ले मिति २०८१/११/४ गते सामान वि.व्य.स.को रोहवरमा तौल गरी कबोल अनुसार सामानको मूल्य बराबर विद्यालयमा रकम जम्मा गरी सामान लगी सक्नुपर्नेछ।
९. तोकिएको अवधिमा सामान खरिद नगरेमा निजको धरौटी जफत गरी सो को निकटतम मूल्य कबोल गर्ने निवेदनका निवेदकले मिति २०८१/११/१० गते सामान वि.व्य.स.को रोहवरमा तौल गरी कबोल अनुसार सामानको मूल्य विद्यालयमा रकम जम्मा गरी सामान लगी सक्नुपर्नेछ।
१०. बुँदा नं. ९ अनुसार सामान खरिद बिक्री हुन नसकेमा निजको धरौटी रकम जफत गरी बाँकी निवेदकहरुको धरौटी फिर्ता हुनेछ र सामान बिक्रीको प्रक्रिया पूनः गरिनेछ।

**प्रधानाध्यापक**



## प्रभु बैंक लिमिटेड शाखा कार्यालय जनकपुर, धनुषाका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८१/१०/२४ गते बिहिबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.)का तपसिलमा उल्लेखित ऋणीहरुले लिएको कर्जाको व्याज एवं किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी तहाँ ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाइँ ऋणी, जमानतकर्ता लगायतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सकिने, कर्जाको सुरक्षण वापत धितो रहेको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै सम्पत्ति लगायत जमानतकर्ता समेतको सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिबाट बैंकको कर्जा चुक्ता नभएको खण्डमा तहाँ ऋणी तथा जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौँ। बैंकको उल्लेखित काम कारवाहीबाट तहाँ ऋणी लगायत जमानतकर्ताको व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा उपर पर्न सक्ने असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जा चुक्ता फछ्र्यौट गर्नु हुने अपेक्षा गरिएको छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरमा, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६६/०८/०७ मा प्रा.फ.र.नं. १७०७/२०६६/०६६/६७ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुरबाट मिति २०६६/०७/०८ (मु.अ.क. दर्ता मिति २०७३/०४/१७) मा करदताको नाम कुमारी विभा रानी कारोवारको नाम **चादंनी हार्डवेयर भई** स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०३८४३९९७ को प्रमाणपत्र प्राप्त **चादंनी हार्डवेयर। रजिष्टर्ड ठेगाना** : धनुषा जिल्ला कुर्था गा.वि.स. वडा नं. ८ (हाल ऐ.जि. जनकपुपर उप.म.न.पा. वडा नं. २१)

**प्रोप्राइटर तथा जमानतकर्ता : कुमारी विभा रानि**
(ना.प्र.नं. ३९६९२०९६, जारी मिति २०४९।०६।१४,जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा)।
स्थाई ठेगाना : जिल्ला धनुषा जनकपुर म.न.पा. वडा नं. १५।
हालको ठेगाना : जिल्ला धनुषा जनकपुर उप म.न.पा. वडा नं. २१।
बाबु :बासुदेव प्रसाद बिमल। पति : बेचन महासेठ। ससुरा :रामपृत महासेठ।

**जमानतकर्ता : बेचन महासेठ**
(ना.प्र.नं. ५१६५२४९४, जारी मिति २०४४।०३।०८, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा)।
ठेगाना : जिल्ला धनुषा जनकपुर उप म.न.पा. वडा नं. २१ (साविक कुर्था गा.वि.स. वडा नं. ८)।
बाबु : रामपृत महासेठ। बाजे : बालचन महासेठ।

**जमानतकर्ता : आतिश कुमार महासेठ**
(ना.प्र.नं. १७-०१-७६-०७४७७, जारी मिति २०७६।०५।०२, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा)।
ठेगाना : जिल्ला धनुषा, जनकपुर उ.म.न.पा. वडा नं. २१।
बाबु : बेचन महासेठ।
बाजे : रामपृत महासेठ।

**ख. धितो सुरक्षणको विवरण :**
१. प्रोप्राइटर तथा जमानतकर्ता कुमारी विभा रानिको नाममा मालपोत कार्यालय जनकपुर धनुषा मा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला कुर्था गा.वि.स. वडा नं. ८ नक्सा सिट नं. ८ स्थित कित्ता नं. ५८ र ५७ क्षेत्रफल ०-०-१०-८ र ०-०-१८-० (बिघा) र ऐ.ऐ. वडा नं. ९, नक्सा सिट नं. ९ स्थित कित्ता नं. १२९२ र १२९० क्षेत्रफल ०-१-०-० र ०-०-९-० (विघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत..१
२. ऋणी **चादंनी हार्डवेयर**को स्वमित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण..१

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१५०००**

# गाजालाई कब्जा गर्ने र प्यालेस्टिनीहरूलाई सार्ने ट्रम्पको प्रस्ताव हमासद्वारा अस्वीकार

**एएफपी**

गाजा सिटी ।प्यालेस्टिनी सशस्त्र समूह हमासले बुधबार राष्ट्रपति डोनाल्ड ट्रम्पको आश्चर्यजनक प्रस्तावको विरोध गरेको छ। संयुक्त राज्य अमेरिकाले गाजा पट्टीको नियन्त्रण लिने र त्यहाँका मानिसहरूलाई उनीहरूले छोड्न चाहे पनि वा नचाहे पनि अन्य देशहरूमा पुनर्वास गर्ने ट्रम्पको प्रस्ताव छ।

ट्रम्पले ह्वाइट हाउसमा वार्ताका लागि आउनुभएका इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुसँगको संयुक्त पत्रकार सम्मेलनमा उक्त घोषणा गर्नुभएको हो ।बीस लाखभन्दा बढी प्यालेस्टिनीलाई कसरी बाहिर निकाल्ने वा गाजालाई कसरी नियन्त्रण गर्ने भन्ने बारेमा विवरण नभएको प्रस्तावमा, ट्रम्पले नफुटेका बम र भग्नावशेष हटाएर र आर्थिक पुनर्विकास गरेर युद्धबाट क्षतिग्रस्त क्षेत्रलाई 'अविश्वसनीय' बनाउने बताउनुभयो।

"अमेरिकाले गाजा पट्टी नियन्त्रणमा लिनेछ र हामी यससँग काम पनि गर्नेछौँ, हामी यसको स्वामित्व लिनेछौँ", ट्रम्पले भन्नुभयो ।उहाँले इजिप्ट र जोर्डन दुवै सरकारले यो विचारलाई स्पष्ट रूपमा अस्वीकार गरे पनि मध्यपूर्वमा 'सर्वोच्च नेतृत्व' बाट समर्थन भएको र ती दुई मुलुकलाई गाजावासीहरूलाई लिन दबाब बढाएको बताउनुभयो।

संयुक्त राज्य अमेरिकाद्वारा 'दीर्घकालीन स्वामित्व' को सुझाव दिँदै ट्रम्पले उहाँको विचारले यसलाई 'मध्य पूर्वको रिभेरा बनाउनेछ । यो केही यस्तो हुन सक्छ जुन अति भव्य हुन सक्छ' भन्नुभयो ।सन् २००७ मा गाजाको एकल नियन्त्रण कब्जा गर्ने हमासले प्रस्तावलाई अस्वीकार गर्दै यसलाई 'जातीय' विचार भन्यो।

"अमेरिकी जातीय दृष्टिकोण हाम्रा मानिसहरूलाई विस्थापित गर्ने र हाम्रो मुद्दालाई समाप्त पार्ने इजरायली अति दक्षिणपन्थी स्थितिसँग मेल खान्छ", हमास प्रवक्ता अब्देल लतिफ अल-कानोउले एक वक्तव्यमा भन्नुभयो।

गाजाको धेरै भाग हमासको सन् २०२३ अक्टोबरको इजरायलमाथिको आक्रमणले



प्रेरित १५ महिने युद्धमा तहसनहस भएको थियो र ट्रम्पले गत महिना लागू भएको युद्धविराम सम्झौता गर्न श्रेय लिनुभएको छ ।हमासले लिएका बन्धकहरूलाई घर ल्याउने र यसको क्षमतालाई कुल्चिने प्रतिज्ञा गर्नुभएका नेतन्याहुले ट्रम्पको योजनाले 'इतिहास परिवर्तन' गर्न सक्ने र 'ध्यान दिन लायक' भएको बताउनुभयो।

नेतन्याहु ट्रम्पको सत्तामा फर्केपछि ह्वाइट हाउसमा भ्रमण गर्ने पहिलो विदेशी नेता हुनुहुन्थ्यो जसलाई युद्धविरामको दोस्रो चरण सुरक्षित गर्ने वार्ताको रूपमा प्रस्तुत गरिएको थियो।

### दयनीय अवस्था

तर यो छिट्टै एउटा आश्चर्यजनक प्रस्तावको खुलासामा परिणत भयो जसले यदि कार्यान्वयन गरिएमा मध्यपूर्वको अनुहारलाई पूर्ण रूपमा परिवर्तन गर्नेछ।

गाजा भ्रमणको पनि कुरा गर्नुभएका ट्रम्पले यो प्यालेस्टिनीहरूका लागि पुनर्निर्माण नगरिने सङ्केत गर्नुभयो ।"यो त्यही मानिसहरूद्वारा पुनर्निर्माण र कब्जाको प्रक्रियाबाट जानु हुँदैन जो... त्यहाँ बसेका छन् र मरेका छन् र त्यहाँ दयनीय जीवन बिताएका छन्", उहाँले भन्नुभयो।

प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासले पनि प्रस्तावलाई अस्वीकार गर्नुभएको छ।"राष्ट्रपति महमुद अब्बास र प्यालेस्टिनी नेतृत्वले गाजा पट्टी कब्जा गर्न र प्यालेस्टिनीहरूलाई उनीहरूको मातृभूमि बाहिर विस्थापित गर्ने आह्वानलाई कडा अस्वीकृति व्यक्त गरे", अब्बासको कार्यालयले एक विज्ञप्तिमा भन्यो, "वैध प्यालेस्टिनी अधिकारहरू वार्ताको योग्य छैनन्।"

गाजाका प्यालेस्टिनीहरूले पनि ट्रम्पको पुनर्वास विचारको विरोध गरेका छन्। दक्षिणी सहर रफाहका बासिन्दा ३४ वर्षीय हातेम आजमले भन्नुभयो, "ट्रम्पले गाजालाई फोहोरको थुप्रो सम्झनुहुन्छ - पटक्कै होइन।"

प्यालेस्टिनीहरूका लागि उनीहरूलाई गाजाबाट बाहिर निकाल्ने कुनै पनि प्रयासले अरब विश्वले 'नकबा' वा विनाश भन्ने सन् १९४८ मा इजरायलको निर्माणको क्रममा प्यालेस्टिनीहरूको सामूहिक विस्थापनको अँध्यारो स्मृतिलाई जगाउनेछ ।कसरी नियन्त्रण लिने भन्ने विवरणमा अस्पष्ट भए पनि ट्रम्पले 'आवश्यक परेमा' पृथ्वीको सबैभन्दा अस्थिर स्थानहरू मध्ये एकमा अमेरिकी सैनिक तैनाथ गर्नु पर्न सक्छ भन्ने सङ्केत गर्नुभयो।

ट्रम्पको छेउमा रहेको पोडियममा उभिएर नेतन्याहुले ट्रम्पलाई इजरायलको 'सबैभन्दा ठूलो मित्र' को रूपमा प्रशंसा गर्नुभयो र उहाँको 'सङ्कुचित दायराभन्दा बाहिर गएर सोच्ने इच्छा' को प्रशंसा गर्नुभयो ।विगतमा दुवैको तनावपूर्ण सम्बन्ध थियो तर पूर्व राष्ट्रपति जो बाइडेनसँगको सम्बन्ध गाजामा मृत्युको सङ्ख्यालाई लिएर तनावपूर्ण भएपछि नेतन्याहुले रिपब्लिकनको सत्तामा फर्कने कुरालाई स्वीकार गर्नुभएको छ।

### युद्ध जित्नु

इजरायली प्रधानमन्त्रीले हमाससँग, वा लेबनानको हिजबुल्लाह र इरान लगायत क्षेत्रका अन्य शत्रुहरूसँग पुनः युद्धको सम्भावनालाई अस्वीकार गर्नुभएन।

"हामी युद्ध जितेर युद्ध समाप्त गर्नेछौँ", हमासले लिएका सबै बन्धकहरूको सुरक्षित फिर्तीको प्रतिज्ञा गर्दै उहाँले भन्नुभयो ।उहाँले क्षेत्रीय प्रतिद्वन्द्वी साउदी अरेबियासँग सम्बन्ध सामान्य बनाउने सम्झौता 'हुन गइरहेको छ' भन्ने विश्वास व्यक्त गर्नुभयो ।तर ट्रम्पले आफ्नो प्रस्ताव सार्वजनिक गरेपछि साउदी अरेबियाले प्यालेस्टिनी राज्य स्थापना नभएसम्म इजरायलसँग औपचारिक सम्बन्ध नराख्ने बताएको छ।

ट्रम्पको गाजा प्रस्तावले कडा विरोधको सामना गर्नुपर्ने देखिन्छ ।इजिप्ट, जोर्डन र युद्धविराम मध्यस्थकर्ता कतार सबैले गाजाबाट प्यालेस्टिनीहरूलाई सार्ने ट्रम्पको सुझावलाई अस्वीकार गरेका छन्।

टर्कीका विदेशमन्त्री हकान फिदानले प्यालेस्टिनीहरूलाई स्थानान्तरण गर्ने कुरा 'न त हामीले न त क्षेत्रले स्वीकार गर्न सक्ने' कुरा भएको बताउनुभयो ।चीनले पनि यस प्रस्तावको विरोध गरेको छ। त्यहाँका विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले भन्नुभयो, "चीनले सधैँ प्यालेस्टिनीहरूमाथि प्यालेस्टिनी शासन गाजाको युद्धपछिको शासनको आधारभूत सिद्धान्त हो भन्ने मान्यता राखेको छ र हामी गाजाका बासिन्दाहरूको जबरजस्ती स्थानान्तरणको विरोध गर्छौं।"

गाजा युद्ध सन् २०२३ अक्टोबर ७ मा हमासले इजरायलमाथि आक्रमण गरेपछि सुरु भएको थियो। उक्त आक्रमणमा इजरायली आधिकारिक आँकडाका आधारमा एएफपीको गणना अनुसार अधिकांश सर्वसाधारणसहित एक हजार दुई सय १० जनाको मृत्यु भएको थियो।

इजरायलको जवाफी कारबाहीमा हमास नियन्त्रित क्षेत्रको स्वास्थ्य मन्त्रालयका अनुसार गाजामा अधिकांश नागरिकसहित कम्तीमा ४७ हजार पाँच सय १८ जनाको मृत्यु भएको छ। संयुक्त राष्ट्रसङ्घले यी आँकडाहरूलाई विश्वसनीय मान्छ।

## भारतको दिल्लीमा विधानसभा मतदान

**एएफपी**

नयाँदिल्ली। भारतको राजधानी प्रान्त दिल्लीमा बुधबार विधानसभा निर्वाचन सुरु भएको छ। निर्वाचनमा प्रधानमन्त्री नरेन्द्र मोदीको हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा) उहाँको प्रमुख प्रतिद्वन्द्वीलाई हटाउन प्रयासरत छ।

तीन करोडभन्दा बढी जनसङ्ख्या भएको विशाल महानगर दिल्लीमा विगत एक दशकको अधिकांश समय 'करिस्मेटिक' अरविन्द केजरीवाल र उहाँको आम आदमी पार्टी (आप) को शासन रहेको छ।

केजरीवाल एक दशकअघि भ्रष्टाचार विरोधी अभियानकर्ताका रूपमा सत्तामा आउनुभएको थियो र उहाँको प्रतिष्ठाले उहाँलाई मोदीका प्रमुख प्रतिद्वन्द्वीहरू मध्ये एकको भूमिका प्रदान गरेको छ।

राजधानीका लाखौँ गरिब बासिन्दालाई व्यापक पानी र बिजुली अनुदान दिएर उहाँको लोकप्रियता बढेको छ।

सर्वोच्च अदालतले जमानत दिनुअघि उहाँको पार्टीले पार्टीका धेरै साथी नेताहरूसँगै मदिरा इजाजतपत्रको बदलामा घुस लिएको आरोपमा उहाँले गत वर्ष धेरै महिना जेलमा बिताउनुभएको थियो।

भाजपाले बुधबारको मतदान अघिका हप्ताहरूमा जोशपूर्ण प्रचार गर्दा भ्रष्टाचारका आरोपहरूलाई नियमित रूपमा उठायो। प्रचारका क्रममा मोदी स्वयंले धेरै च्यालीहरूको नेतृत्व गर्नुभयो।

केजरीवालले गलत काम गरेको अस्वीकार गर्नुभएको छ र यी आरोपहरूलाई मोदी सरकारद्वारा राजनीतिक दुर्भावनापूर्ण कारबाही भनी चित्रण गर्नुभएको छ। आप नेताले पनि दुर्लभ तेस्रो कार्यकाल जित्ने विश्वास व्यक्त गर्नुभएको छ।

शनिबार नतिजा घोषणा हुँदा आप अग्रस्थानमा आए पनि केजरीवाल मुख्यमन्त्रीको शीर्ष पदका लागि योग्य नहुन सक्नुहुनेछ।

सर्वोच्च अदालतले आफ्नो जमानत आदेशमा उहाँलाई आधिकारिक फाइलहरूमा हस्ताक्षर गर्न वा उहाँको कार्यालयमा जान प्रतिबन्ध लगाएको थियो। जसका कारण उहाँ रिहा भएको केही दिनभित्रै राजीनामा दिन बाध्य हुनुभयो।

# 'सहर-विनाशक' क्षुद्रग्रहले पृथ्वीमा ठक्कर दिन सक्छ, हामी कति चिन्तित हुनुपर्छ ?

**एएफपी**

वासिङ्टन । हिरोसिमा बमभन्दा सयौँ गुणा बढी ऊर्जा निकाल्दै आकाशमा ठूलो विस्फोट । एउटा अन्धाधुन्ध चमक लगभग सूर्य जत्तिकै उज्यालो हुन्छ । धक्का तरङ्ग (सकवेभ) हरू माइलौँसम्म सबै कुरा समतल बनाउन पर्याप्त शक्तिशाली छन् ।यो विनाशकारी सुनिन सक्छ, तर भर्खरै पत्ता लागेको फुटबल मैदान जत्तिकै आकारको एक क्षुद्रग्रहले अब लगभग आठ वर्षमा पृथ्वीसँग ठक्कर खाने एक प्रतिशतभन्दा बढी सम्भावना छ।

यस्तो प्रभावले कहाँ ठक्कर खान्छ भन्ने आधारमा सहर-स्तरको विनाशको सम्भावना छ । वैज्ञानिकहरू अहिले नै आत्तिएका छैनन् तर उनीहरूले नजिकबाट हेरिरहेका छन् ।"यस विन्दुमा यो 'धेरै ध्यान दिऔँ, यसलाई निरीक्षण गर्न सक्ने जति सबै साधनहरू जुटाऔँ' भन्ने हो", प्लानेटरी सोसाइटीका मुख्य वैज्ञानिक ब्रुस बेट्सले भन्नुभयो।

### दुर्लभ खोज

२०२४ वाईआर४ नाम दिइएको यो क्षुद्रग्रह पहिलो पटक सन् २०२४ डिसेम्बर २७ मा चिलीको एल सोस वेधशालाले पत्ता लगाएको थियो। यसको चमकको आधारमा खगोलविद्हरूले यो १३० देखि ३०० फिट (४०-९० मिटर) चौडाइको बीचमा रहेको अनुमान गरेका छन् ।नयाँ वर्षको पूर्वसन्ध्यामा यो अमेरिकी अन्तरिक्ष एजेन्सी नासाका कार्यवाहक ग्रह सुरक्षा अधिकारी केली फास्टको डेस्कमा चिन्ताको विषयको रूपमा पुगेको थियो।

"तपाईंले अवलोकनहरू प्राप्त गर्नुहुन्छ, तिनीहरू फेरि खस्छन् । यो एउटा वरिपरि रहन सक्ने क्षमता थियो जस्तो देखिन्छ", उहाँले भन्नुभयो। जोखिम मूल्याङ्कन बढ्दै गयो र जनवरी २९ मा विश्वव्यापी ग्रह सुरक्षा सहयोग अन्तर्राष्ट्रिय



क्षुद्रग्रह चेतावनी नेटवर्क (आइएडब्लुएन) ले एक मेमो जारी गऱ्यो ।नासाको जेट प्रोपल्सन प्रयोगशालाको पछिल्लो गणनाअनुसार क्षुद्रग्रहले सन् २०३२ डिसेम्बर २२ मा पृथ्वीमा ठक्कर दिने एक दशमलव छ प्रतिशत सम्भावना छ।

यदि यसले ठक्कर दियो भने सम्भावित प्रभाव स्थलहरूमा पूर्वी प्रशान्त महासागर, उत्तरी दक्षिण अमेरिका, अटलान्टिक महासागर, अफ्रिका, अरब सागर र दक्षिण एसियामा समावेश रहेको आइएडब्लुएन मेमोले बताएको छ ।२०२४ वाईआर४ ले अत्यन्त दीर्घवृत्ताकार चार वर्षे कक्षा पछ्याउँछ र आन्तरिक ग्रहहरू हुँदै मङ्गल ग्रह पार गरेर बृहस्पतितर्फ जान्छ ।अहिलेका लागि यो पृथ्वीबाट टाढा जाँदैछ। यसको अर्को नजिकको पास सन् २०२८ सम्म आउने छैन।

"सम्भावना धेरै राम्रो छ कि यसले पृथ्वीमा मात्र प्रहार गर्दैन, तर आउँदो महिनादेखि केही वर्षहरूमा त्यो सम्भावना शून्यमा झर्नेछ", बेट्सले भन्नुभयो ।सन् २००४ मा एपोफिससँग यस्तै परिदृश्य देखिएको थियो । उक्त क्षुद्रग्रहले सन् २०२९ मा पृथ्वीमा ठक्कर दिने दुई दशमलव सात प्रतिशत सम्भावना रहेको प्रारम्भिक अनुमान गरिएको थियो । थप अवलोकनहरूले प्रभावको सम्भावनालाई खारेज गरे।

### विनाशकारी क्षमता

सबैभन्दा कुख्यात क्षुद्रग्रह प्रभाव छ करोड ६० लाख वर्ष पहिले भएको थियो । त्यतिबेला छ माइल चौडा अन्तरिक्ष चट्टानले विश्वव्यापी जाडो निम्त्याएर डायनासोर र ७५ प्रतिशत सबै प्रजातिको विनाश गरेको थियो ।यसको विपरीत २०२४ वाईआर४ 'सहर विनाशक' श्रेणीमा पर्छ।

"यदि तपाईं यसलाई पेरिस वा लन्डन वा न्युयोर्कमा राख्नुहुन्छ भने तपाईंले आधारभूत रूपमा पूरै सहर र केही वरिपरिका क्षेत्रहरू नष्ट गर्नुहुन्छ", बेट्सले भन्नुभयो ।सबैभन्दा राम्रो आधुनिक तुलना १९०८ टुङ्गुस्का घटना हो, जब ३०-५० मिटरको क्षुद्रग्रह वा धूमकेतुको टुक्रा साइबेरियामा विस्फोट भयो, ७७० वर्गमाइल (दुई हजार वर्गकिलोमिटर) मा आठ करोड रुखहरू ढालेको थियो।

त्यो प्रभावकर्ता जस्तै २०२४ वाईआर४ पनि जमिनमा क्रेटर (खाडल) छोड्नुको सट्टा आकाशमै विस्फोट हुने अपेक्षा गरिएको छ।"हामी द्रव्यमान र गतिको प्रयोग गरेर ऊर्जाको गणना गर्न सक्छौँ", जोन्स हप्किन्स एप्लाइड फिजिक्स प्रयोगशालाका ग्रह खगोलशास्त्री एन्ड्र्यु रिभकिनले भन्नुभयो।

२०२४ वाईआर४ का लागि हवाई विस्फोटबाट हुने विस्फोट लगभग आठ मेगाटन टिएनटी बराबर हुनेछ - हिरोसिमा बमको शक्तिभन्दा पाँच सय गुणा बढी ।यदि यो महासागरमाथि विस्फोट भयो भने तटीय क्षेत्र नजिक भएर सुनामी निम्त्याउने अवस्थामा बाहेक प्रभाव कम चिन्ताजनक हुनेछ।

### हामी यसलाई रोक्न सक्छौं

राम्रो खबर, विशेषज्ञहरूले 'हामीसँग तयारी गर्न प्रशस्त समय' भएकामा जोड दिएका छन्।

रिभकिनले नासाको २०२२ डिएआरटी मिसनको अनुसन्धानको नेतृत्व गर्नुभएको थियो । उक्त मिसनले एक अन्तरिक्षयान प्रयोग गरेर क्षुद्रग्रहलाई सफलतापूर्वक आफ्नो मार्गबाट विचलित गरेको थियो । यो एउटा यस्तो रणनीति हो जसलाई 'काइनेटिक इम्प्याक्टर' भनिन्छ ।लक्षित क्षुद्रग्रहले पृथ्वीलाई कुनै खतरा नपुऱ्याएकाले यो एक आदर्श परीक्षण विषय थियो ।"यसले फेरि किन काम नगर्ला भन्ने म बुझ्दिनँ", रिभकिनले भन्नुभयो । ठूलो प्रश्न के हो भने यदि उनीहरूको आफ्नै क्षेत्र खतरामा छैन भने प्रमुख राष्ट्रहरूले यस्तो मिसनलाई कोष प्रदान गर्छन् कि गर्दैनन्।

अन्य बढी प्रयोगात्मक विचारहरू अवस्थित छन् ।लेजरहरूले क्षुद्रग्रहको केही भागलाई वाष्पीकरण गरेर थ्रस्ट प्रभाव सिर्जना गर्न सक्छन्, जसले यसलाई मार्गबाट बाहिर धकेल्छ । एउटा 'गुरुत्वाकर्षण ट्र्याक्टर', एउटा ठूलो अन्तरिक्ष यान जसले विस्तारै आफ्नो गुरुत्वाकर्षण खिचाइको प्रयोग गरेर क्षुद्रग्रहलाई टाढा लैजान्छ, को पनि सिद्धान्तीकरण गरिएको छ।

यदि अन्य सबै विफल भए लामो चेतावनी समयले अधिकारीहरूलाई प्रभाव क्षेत्र खाली गराउन सक्षम बनाउँछ।"यस विषयमा कोही पनि डराउनु पर्दैन", फास्टले भन्नुभयो, "हामी यी कुराहरू फेला पार्न सक्छौँ, यी भविष्यवाणीहरू गर्न सक्छौँ र योजना बनाउने क्षमता राख्न सक्छौँ।"

## महिला क्रिकेटः नेदरल्याण्ड्ससँग नेपाल पराजित



काठमाण्डु । नेपाल त्रिकोणात्मक टि-२० सिरिजमा नेदरल्याण्ड्ससँग पराजित भएको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बुधबार भएको खेलमा नेपाल नेदरल्याण्ड्ससँग १० विकेटले पराजित भएको हो । जितका लागि नेपालले दिएको एक सय ४६ रनको लक्ष्य पछ्याएको नेदरल्याण्ड्सले १९ दशमलव चार ओभरमा कुनै विकेट नगुमाइ पूरा गऱ्यो।

नेदरल्याण्ड्सको जितमा स्ट्रि कालिसले अविजित सर्वाधिक ९८ रन जोडिन्। उनले ६९ बलमा ११ चौका र २ छक्का प्रहार गरिन्। फोबी मोल्किनोमोरले ४९ बलमा ४ चौकाको सहयोगमा अविजित ४८ रन जोडिन्।

त्यसअघि नेपालले निर्धारित २० ओभरमा चार विकेट गुमाएर एक सय ४५ रनको योगफल बनाएको थियो। नेपालका लागि पूजा महतोले सर्वाधिक ६२ रन योगदान दिइन। उनले ५१ बलमा पाँच चौका प्रहार गर्दै ६२ रन जोडेकी हुन्।

त्यस्तै कप्तान इन्दु बर्माले ३७ बलमा पाँच चौकाको सहयोगमा ३९ रन जोडिन् । रुबिना क्षेत्री १७ बलमा २० रन बनाउँदै आउट हुँदा कविता जोशी सात रनमा नटआउट रहिन् । नेदरल्याण्ड्सका लागि आइरिस विलिङ्ले दुई विकेट लिइन भने कारोलिन डे लाङ र हिथर सिगर्सले समान एक-एक विकेट लिए।

नेदरल्याण्ड्ससँग खेलेका तीनै खेलमा नेपाल पराजित भएको छ। पाँच खेलमा छ अङ्कका साथ नेदरल्याण्ड्स तालिकाको दोस्रो स्थानमा छ भने पाँच खेलमा अङ्कविहीन नेपाल तालिकाको अन्तिममा छ । अपराजित थाइल्याण्ड तालिकाको शीर्ष स्थानमा रहेको छ।

सिरिजमा नेपाल, नेदरल्याण्ड्स र थाइल्याण्डको सहभागिता रहेको छ। सबै टोली एकापसमा तीन खेल खेलेपछि तालिकाको शीर्ष स्थानमा रहने टोलीले उपाधि जित्नेछ ।रासस

## अर्जुन ट्रफी क्रिकेटः काठमाडौँद्वारा बुटवल पराजित

फाप्ला । धनगढीमा जारी अर्जुन ट्रफी राष्ट्रिय क्रिकेट प्रतियोगितामा बुधबार भएको पहिलो खेलमा क्रिकेट एक्सलेन्ट सेन्टर काठमाडौँले बुटवललाई पराजित गरेको छ। काठमाडौँले पहिले जित दर्ता गर्ने क्रममा न्यू होराइजन बुटवललाई छ विकेटले हराएको हो।

बुटवलले दिएको एक सय एक रनको लक्ष्य पछ्याएको काठमाडौँले १७ दशमलव चार ओभर चार विकेट गुमाउँदै जित हासिल गरेको हो। काठमाडौँका शुभ कङ्शाकरले नटआउट हुँदै ५६ रन बनाए। उनी प्लेयर अफ द म्याचसमेत घोषित भएका छन्। बुटवलका तुलबहादुर थापाले दुई विकेट लिए। यसअघि धनगढीको फाप्ला क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको बुटवलले २० ओभरमा नौ विकेट




गुमाउँदै एक सय रन बनाएको थियो। बुटवलका प्रतीक श्रेष्ठले ३७ रन बनाए । काठमाडौँका राज शाह र सूर्य तामाङले समान तीन/तीन विकेट लिए।

यो जितसँगै दुई खेल खेलेको काठमाडौँ दुई अङ्कसहित समूह 'बी' को तेस्रो स्थानमा छ। बुटवल दुई खेलमा दुई अङ्कसहित दोस्रो स्थानमा छ। प्रतियोगितामा देशभरका आठ वटा क्लब सहभागी छन्।

विजेताले रु १० लाख र उपविजेताले रु पाँच लाख पुरस्कार पाउने आयोजकले जनाएको छ। नेपाल क्रिकेट सङ्घ (क्यान) को वार्षिक क्यालेन्डरमा समावेश भएको यो प्रतियोगिता यही माघ २८ गतेसम्म सञ्चालन हुनेछ ।रासस

## काठमाडौँमा 'इन्टर स्कुल नेसनल स्केट प्रतियोगिता' हुने

काठमाण्डु । काठमाडौँमा आगामी शनिबार 'इन्टर स्कुल नेसनल स्केट प्रतियोगिता' हुने भएको छ। ज्ञान संस्कार इन्टर नेसनल स्कुलको आयोजना र राष्ट्रिय खेलकुद परिषद् तथा राष्ट्रिय स्केटिङ तथा स्केट बोर्डिङ सङ्घसँगको सहकार्यमा आगामी शनिबार दोस्रो ज्ञान संस्कार इन्टर स्कुल नेसनल स्केट प्रतियोगिता हुन लागेको हो।

बुधबार आयोजित पत्रकार सम्मेलनमार्फत ज्ञान संस्कार इन्टर नेसनल स्कुलकी प्रधानाध्यापक नीलम बानियाँ बडूले प्रतियोगितामा नेपालभरिका विभिन्न विद्यालयबाट दुई सयभन्दा बढी विद्यार्थीको सहभागिता रहने जानकारी दिनुभयो । विद्यालयस्तरमा सञ्चालन हुने प्रतियोगिताले विद्यार्थीमा उत्साह जगाउनुका साथै राष्ट्रियस्तरका खेलतडी उत्पादनमा सहयोगी हुने उहाँले विश्वास व्यक्त गर्नुभयो।

युवामाझ लोकप्रिय बन्दै गरेको नेपाली स्केटिङ खेल आधिकारिक रूपमा विश्वस्तरमा प्रतिस्पर्धा गर्नसक्ने बनोस् भन्ने उद्देश्यले विद्यालयस्तरीय प्रतियोगिता आयोजना गर्न लागिएको प्रअ बडूले उल्लेख गर्नुभयो।

राष्ट्रिय स्केटिङ तथा स्केट बोर्डिङ सङ्घका महासचिव सत्य थापाले उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई अन्तर र्राष्ट्रियस्तरमा सञ्चालन हुने स्केटिङ प्रतियोगितामा सहभागी गराइने बताउनुभयो । प्रतियोगितामा देशभरका धेरैभन्दा धेरै विद्यालयबाट सहभागिता रहोस् भन्ने उद्देश्यले प्रचारप्रसार गरिरहेको उहाँको भनाइ छ।

आगामी शनिबार हुने प्रतियोगिताको राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टङ्कलाल घिसिङ उद्घाटन गर्ने कार्यतालिका रहेको आयोजकले जनाएको छ । प्रतियोगितामा प्रथम हुने खेलाडीलाई ट्रफी, मेडल तथा प्रमाणपत्र तथा द्वितीय र तृतीय हुने खेलाडीलाई प्रमाणपत्र र मेडल उपलब्ध गराइने छ। साथै सहभागी सम्पूर्ण विद्यार्थीलाई सहभागिताको प्रमाणपत्र उपलब्ध गराइने आयोजकले जनाएको छ ।रासस

## च्यासल खेल मैदान मर्मत गर्न दुई करोड लाग्ने

ललितपुर। ललितपुर महानगरपालिका-९ च्यासलस्थित मनोहरा खोला किनारमास्थित च्यासल खेल मैदान गत असोजमा आएको बाढीले बगरमा परिणत भएको छ। खेलकुद क्षेत्रका अधिकारीले यसको मर्मतसम्भारका निम्ति तत्काल रु दुई करोड आवश्यक हुने बताएका छन्।

च्यासल मैदानलाई पहिलेको अवस्थामा फर्काउन रु दुई करोड बजेट आवश्यक पर्ने राष्ट्रिय खेलकुद परिषद् पूर्वाधार निर्माण तथा मर्मत शाखाका इञ्जिनीयर पूर्ण सुनदासले रासससलाई बताउनुभयो। उहाँले भन्नुभयो,"बाढीबाट भएको क्षति र मर्मतको लागतबारे अध्ययन गरी प्रतिवेदन तयार गरेका छौँ।"

च्यासल फुटबल क्लबका अध्यक्ष रमेश बेञ्जनकार ललितपुर महानगरपालिका-९ वडा कार्यालयको सहयोगमा मैदान व्यवस्थापनको प्रयास भएको बताउनुहुन्छ। मैदान मर्मतमा अखिल नेपाल फुटबल सङ्घलगायत सरकोकार भएकाहरु मौन रहेकामा उहाँ दुःखी हुनुहुन्छ। खेलकुद परिषद्सँग रु १० लाख माग गरेका तर हालसम्म निर्णय नभएको उहाँको कथन छ। रासस

# अमेरिकी डलरको भाउ घट्यो



काठमाण्डु । नेपाल राष्ट्र बैंकले बुधबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १३९ रूपैयाँ ०२ पैसा र बिक्रीदर १३९ रूपैयाँ ६२ पैसा कायम भएको छ । अघिल्लो दिनको तुलनामा अमेरिकी डलरको मूल्य बुधबार घटेको हो।

युरोपियन युरो एकको खरिदर १४३ रूपैयाँ ५२ पैसा र बिक्रीदर १४४ रूपैयाँ १४ पैसा तोकिएको छ। अघिल्लो दिनको तुलनामा यूरोको मूल्यमा वृद्धि भएको छ। यस्तै, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर १७२ रूपैयाँ ६० पैसा र बिक्रीदर १७३ रूपैयाँ ३५ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १५२ रूपैयाँ ९५ पैसा र बिक्रीदर १५३ रूपैयाँ ६१ पैसा कायम गरिएको छ। युके पाउन्ड स्ट्रलिङ र स्वीस फ्र्याङ्क दुवैको मूल्य बढेको केन्द्रीय बैंकले निर्धारण गरेको विनिमयदरमा उल्लेख छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८६ रूपैयाँ ३२ पैसा र बिक्रीदर ८६ रूपैयाँ ७० पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रूपैयाँ ३६ पैसा र बिक्रीदर ९६ रूपैयाँ ७८ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०२ रूपैयाँ ४९ पैसा र बिक्रीदर १०२ रूपैयाँ ९३ पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिददर आठ रूपैयाँ ९६ पैसा र बिक्रीदर आठ रूपैयाँ ९९ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रूपैयाँ १७ पैसा र बिक्रीदर १९ रूपैयाँ २५ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रूपैयाँ ०६ पैसा र बिक्रीदर ३७ रूपैयाँ २२ पैसा, कतारी रियाल एकको खरिददर ३८ रूपैयाँ १३ पैसा र बिक्रीदर ३८ रूपैयाँ ३० पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रूपैयाँ ११ पैसा र बिक्रीदर चार रूपैयाँ १३ पैसा, युएई दिराम एकको खरिददर ३७ रूपैयाँ ८५ पैसा र बिक्रीदर ३८ रूपैयाँ ०१ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रूपैयाँ २८ पैसा र बिक्री दर ३१ रूपैयाँ ४२ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रूपैयाँ ५५ पैसा र बिक्रीदर नौ रूपैयाँ ५९ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रूपैयाँ ५८ पैसा र बिक्रीदर १२ रूपैयाँ ६३ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रूपैयाँ २४ पैसा र बिक्री दर १९ रूपैयाँ ३२ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रूपैयाँ ८५ पैसा र बिक्रीदर १७ रूपैयाँ ९३ पैसा, कुवेती दिनार एकको खरिददर ४५० रूपैयाँ ०४ पैसा र बिक्रीदर ४५१ रूपैयाँ ९८ पैसा, बहराइन दिनार एकको खरिददर ३६८ रूपैयाँ ७४ पैसा र बिक्रीदर ३७० रूपैयाँ ३४ पैसा, ओमनी रियाल एकको खरिददर ३६१ रूयैयाँ ०९ पैसा र बिक्रीदर ३६२ रूपैयाँ ६५ पैसा निर्धारण भएको छ। यस्तै, भारतीय रूपैयाँ १०० को खरिददर १६० रूपैयाँ र बिक्रीदर १६० रूपैयाँ १५ पैसा तोकिएको छ।

राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ।रासस

# यस्तो छ तरकारी र फलफूलको थोक मूल्य



काठमाण्डु । कालिमाटी फलफूल तरकारी विकास समितिले बुधबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ।

समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो। बुधबार गोलभेँडा ठूलो (भारतीय) प्रतिकेजी रु ७०, गोलभेँडा सानो (भारतीय) प्रतिकेजी रु ३०, गोलभेँडा सानो (तराई) प्रतिकेजी रु २५, आलु रातो प्रतिकेजी रु ३६, आलु रातो (भारतीय) प्रतिकेजी रु ३४, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ६५, गाजर (लोकल) प्रतिकेजी रु ४०, गाजर (तराई) प्रतिकेजी रु ३०, बन्दा (लोकल) प्रतिकेजी रु २०, बन्दा (तराई) प्रतिकेजी रु १५, बन्दा (नरिवल) प्रतिकेजी रु १५, काउली स्थानीय प्रतिकेजी रु १५, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु २०, काउली (तराई) प्रतिकेजी रु १५, मूला रातो प्रतिकेजी रु ३०, मूला सेतो (लोकल) प्रतिकेजी रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ३०, भन्टा लाम्चो प्रतिकेजी रु ३०, भन्टा डल्लो प्रतिकेजी रु ५० कायम भएको छ।

यसैगरी, मटरकोसा प्रतिकेजी रु ५०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ६०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ६०, घिउ सिमी (राजमा) प्रतिकेजी रु ८०, टाटे सिमी प्रतिकेजी रु ५०, तिते करेला प्रतिकेजी रु ११०, लौका प्रतिकेजी रु ५०, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु २०, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु २०, सलगम प्रतिकेजी रु १००, भिण्डी प्रतिकेजी रु १००, सखरखण्ड प्रतिकेजी ८०, बरेला प्रतिकेजी रु ४०, पिँडालु प्रतिकेजी रु ९०, स्कूस प्रतिकेजी रु ४०, रायो साग प्रतिकेजी रु १५, पालुङ्गो साग प्रतिकेजी ४५, चमसुरको साग रु ४५, तोरीको साग प्रतिकेजी रु २५, मेथीको साग प्रतिकेजी रु ४५, प्याज हरियो प्रतिकेजी रु ४०, बकुला प्रतिकेजी रु ७०, तरुल प्रतिकेजी रु ९०, च्याउ (कन्य) प्रतिकेजी रु ९०, च्याउ (डल्ले) प्रतिकेजी रु ३०० निर्धारण गरिएको छ।

ब्रोकाउली प्रतिकेजी रु ३०, चुकुन्दर प्रतिकेजी रु ६०, रातो बन्दा प्रतिकेजी रु ६०, सजिवन प्रतिकेजी रु २५०, जिरीको साग प्रतिकेजी रु ६०, ग्याठ कोबी प्रतिकेजी रु ९०, सेलरी प्रतिकेजी रु ४००, पार्सले प्रतिकेजी रु ८००, सौफको साग प्रतिकेजी रु ८०, पुदिना प्रतिकेजी रु ४००, गान्टे मूला प्रतिकेजी रु ८०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२०, गुन्द्रुक प्रतिकेजी रु ३०० तोकेको छ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २६०, स्याउ (फूजी) प्रतिकेजी रु ३००, केरा (दर्जन) रु १५०, कागती प्रतिकेजी रु १५०, अनार प्रतिकेजी रु ३५०, अङ्गुर (हरियो) प्रतिकेजी रु २५०, अङ्गुर (कालो) प्रतिकेजी रु ३५०, सुन्तला (नेपाली) प्रतिकेजी रु १४०, सुन्तला (भारतीय) प्रतिकेजी रु १००, तरबुजा हरियो प्रतिकेजी रु ६०, जुनार प्रतिकेजी रु ११०, भुइँकटर प्रतिकोटा रु २००, काँक्रो (लोकल) प्रतिकेजी रु १३०, काक्रो (हाइब्रिड) प्रतिकेजी रु ५०, रुखकटहर प्रतिकेजी रु १००, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकेजी रु २५०, मेवा (नेपाली) प्रतिकेजी रु ५०, मेवा (भारतीय) प्रतिकेजी रु १००, अम्बा प्रतिकेजी रु १२०, लप्सी प्रतिकेजी रु ५०, स्ट्रबेरी (भुइऐसेलु) प्रतिकेजी रु ५००, किबी प्रतिकेजी रु २५०, आभोकाडो प्रतिकेजी रु ३००, अमला प्रतिकेजी रु ७० निर्धारण गरिएको छ।

यसैगरी, अदुवा प्रतिकेजी रु १२०, खुर्सानी सुकेको प्रतिकेजी रु ४००, खुर्सानी हरियो प्रतिकेजी रु ७०, खुर्सानी हरियो (बुलेट) प्रतिकेजी रु ८०, खुर्सानी हरियो (माछे) प्रतिकेजी रु ४०, खुर्सानी हरियो (अकबरे) प्रतिकेजी रु ३००, भेडे खुर्सानी प्रतिकेजी रु ७०, लसुन हरियो प्रतिकेजी रु ८०, हरियो धनिया प्रतिकेजी रु ४५, लसुन सुकेको चाइनिज प्रतिकेजी रु ३००, लसुन सुकेको नेपाली प्रतिकेजी रु ३००, छ्यापी सुकेको प्रतिकेजी रु १६०, छ्यापी हरियो प्रतिकेजी रु २५०, ताजा माछा (रहु) प्रतिकेजी रु ३५०, ताजा माछा (बचुवा) प्रतिकेजी रु २६०, ताजा माछा (छडी) प्रतिकेजी रु २६०, ताजा माछा (मुङ्गरी) प्रतिकेजी रु ४५०, रुख टमाटर प्रतिकेजी १५०, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु ८०० तोकेको छ।रासस

# हेटौँडामा दैनिक तीन करोड ७० लाख लिटर खानेपानी उत्पादन




मनहरी । हेटौँडा खानेपानी व्यवस्थापन बोर्डले दैनिक तीन करोड ७० लाख लिटर खानेपानी उत्पादन गरिरहेको छ । बोर्डले उपमहानगर क्षेत्रमा बसोबास गर्ने करिब एक लाख ६५ हजार नगरवासीलाई २८ हजार एक सय १२ धारामार्फत दैनिक नौ घण्टासम्म पानी वितरण गर्दै आइरहेको हो।

बोर्डका अध्यक्ष प्रताप विष्टले हेटौँडाको मुख्य बजार क्षेत्रमा भने २४सैँ घण्टा पानी आपूर्ति गर्न बोर्ड सफल भएको जानकारी दिनुभयो। उहाँका अनुसार हालसम्म १६ वटा खानेपानी उपभोक्ता समिति बोर्डमा हस्तान्तरण भइसकेका छन्। नगर क्षेत्रभित्रको वडा नं ११, १२ र १३ मा भने स्थानीय उपभोक्ता समितिबाट खानेपानी वितरण हुँदै आइरहेको उहाँले बताउनुभयो।

हेटौँडा उपमहानगरले नगरवासीलाई शुद्ध पानी उपलब्ध गराउने उद्देश्यले विसं २०७९ भदौदेखि न्यूनतम १० हजार लिटर पानी महसुल निःशुल्क गर्दै आएको छ। सोही कारणले १० हजार लिटरमात्र खानेपानी खपत गर्ने उपभोक्ता थप लाभान्वित भएका छन्। बोर्डले आफ्नै स्रोतबाट नगर क्षेत्रभित्र विभिन्न स्थानमा १५ वटा डिप ट्युबवेल निर्माण सम्पन्न गरेको जनाएको छ।

मकवानपुरगढी गाउँपालिकामा तीन, भीमफेदी गाउँपालिकामा दुई र हेटौँडा-९ मा एक थान समवेल निर्माण निजी स्रोतमार्फत सम्पन्न भएको खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष विष्टले जानकारी दिनुभयो। उहाँका अनुसार विभिन्न १२ स्थानमा पम्प तथा पालेघर निर्माण सम्पन्न भएको छ। अध्यक्ष विष्टले बोर्डले करिब चार सय किलोमिटर प्रमुख तथा शाखा पाइपलाइन विस्तार सम्पन्न गरेको छ। सङ्घीय सरकारको खानेपानी तथा ढल व्यवस्थापन आयोजना, हेटौँडा उपमहानगरपालिका र बोर्डको सहलगानीमा करिब रु १५ करोडमा 'ओभरहेड' पानीट्याङ्की एक, भूमिगत पानीट्याङ्की तीन, 'डिपबोरिङ' चार, प्रमुख तथा शाखा पाइपलाइन विस्तार र विद्युतीकरणको कार्य सम्पन्न गरिएको अध्यक्ष विष्टले बताउनुभयो।

सङ्घीय सरकारको करिब रु आठ करोडको लगानीमा हेटौँडा-१९ बस्तीपुरमा डिपबोरिङ, ओभरहेड पानीट्याङ्की, कार्यालय भवन तथा पालेघर निर्माण, प्रमुख तथा शाखा पाइपलाइन विस्तार र विद्युतीकरणसम्बन्धी अधुरा रहेका योजना सम्पन्न गर्न बोर्डबाट रु तीन करोड लगानी गरी निर्माण सम्पन्नपश्चात् सेवा सञ्चालन भएरहेको छ।

बागमती प्रदेश सरकारसँगको सहलगानीमा हेटौँडा-१९ बस्तीपुरमा समवेल निर्माण, हेटौँडा-१६ मा डिपट्युबवेल, त्रिशूलेमा पाँच लाख लिटर क्षमताको भूमिगत पानीट्याङ्की र करिब २० किमी प्रमुख तथा शाखा पाइपलाइन विस्तार सम्पन्न गरिएको बोर्डले जनाएको छ। हालसम्म बोर्डमा हेटौँडा-३, ६, ७, १४, १५, १६, १७, १८ र १९ मा सञ्चालित १६ वटा खानेपानी उपभोक्ता समितिबाट खानेपानीको पूर्वाधारसहित नौ हजार पाँच सय धारा हस्तान्तरण भइआएका छन्। रासस

# नेप्सेमा सामान्य अङ्कको गिरावट

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक चार दशमलव ४५ अङ्कले घटेर दुई हजार सात सय ११ दशमलव ४५ को बिन्दुमा कायम भएको हो।

बुधबार तीन सय नौ कम्पनीको एक करोड ९१ लाख ८१ हजार चार सय १४ कित्ता शेयर ९० हजार सात सय ५२ पटक खरिदबिक्री हुँदा रू आठ अर्ब ९५ करोड ८० लाख सात हजारको कारोबार भएको छ। बुधबारको कारोबारमा उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड र छ्याङदी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड र कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

नेपाल रिइन्स्योरेन्क कम्पनी लिमिटेडको आज सबैभन्दा बढी रू ३३ करोड ७६ लाख ३९ हजारको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा बढी सनराइज फोकस्ड इक्विटी फण्डको आठ लाख नौ हजार एक सय ९० कित्ता शेयर किनबेच भएको छ। आजको कारोबार पछि कूल बजार पुँजीकरण रू ४४ खर्ब ९८ अर्ब ७१ करोड ५९ लाख बराबर पुगेको छ।रासस


# Madhesh Institute of Health Sciences

## Janakpurdham, Dhanusha

## Bid Addendum Notice

**Bid Addendum Publication Date: 6 February 2025**

Bid Addendum is uploaded for following Bid published on corresponding date. For more details visit PPMO eGP system www.bolpatra.gov.np/egp

| IFB No. | IFB Name | Revised Cost Estimate (Exclusive of VAT and Contingencies) | Publication Date | Last Date of Bid Submission |
|---|---|---|---|---|
| MIHS/NCB/WORKS/2081-82/4.1 | The Construction of Physiology Lab, Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha | 55,18,000.03 | 12 January 2025 | 11 February 2025 |
| MIHS/NCB/WORKS/2081-82/4.2 | The Construction of Bio Chemistry Lab, Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha | 53,73,345.02 | | |
| MIHS/NCB/WORKS/2081-82/4.3 | The Construction of Micro Biology Lab, Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha | 52,47,397.68 | | |
| MIHS/NCB/WORKS/2081-82/4.4 | The Construction of Pharmacology Lab, Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha | 54,30,272.22 | | |

(Registrar)



# Dhanauji Rural Municipality

## Office of the Rural Municipal Executive

## Dhanauji, Dhanusha

## Madhesh Province, Nepal

## Request for Quotation

## HIRING A FIRM FOR SKILLS DEVELOPMENT TRAINING

**Date of First Publication: 06/02/2025 (B.S. 2081/10/24)**

1. The Ministry of Labor, Employment and Social Security (MoLESS), Prime Minister Employment Program (PMEP) has received financing from the International Development Association (IDA) toward the cost of Youth Employment Transformation Initiative (YETI) Project. Dhanauji Rural Municipality, Dhanusha District has received fund on Conditional grant through fiscal transfer from the YETI Project and intends to apply part of the proceeds toward payments under the contract for ***Hiring a Firm for Skills Development Training in Dhanauji Rural Municipality.***
2. A firm will be selected through an open competitive process under the procedures as specified in the Project Operations Manual of YETI Project form Request for Quotation (RFQ).
3. Dhanauji Rural Municipality, Dhanusha District invites sealed quotation from the qualified firms. The brief description of the procurement is as follows.

| S. N. | Description | RFQ Document fee (Non-refundable) | Deadline of RFQ-document purchase | RFQ submission deadline (Date and Time) | RFQ - Opening Date and Time |
|---|---|---|---|---|---|
| 1 | Hiring a Firm for Skills Development Training in Dhanauji Rural Municipality (DHANAUJI/PMEP/YETI/01/2081/082) | 1000 | 2081/11/08 | 2081/11/09 12:00 Noon | 2081/11/09 1 PM |

4. The Bidder should deposit the cost of bidding document in the office revenue account.
   **Account Holder's name :** Dhanauji Ga.Pa.Antrik Rajaswa Khata **Bank Name :** Nabil Bank
   **Account No. :** 22301017500035 **Branch :** Dhanauji
5. The details of the service requirements, Eligibility and Qualification required is found in terms of reference (Annex-1).
6. Qualified service providers experience and registered in the same district will get advantage.
7. In case of last date for purchasing, submission and opening of RFQs falls on a Government Holiday, the next working day shall be considered the last day. In such a case, the RFQ validity shall be recognized from the original RFQ submission deadline.
8. The Dhanauji Rural Municipality reserves the right to accept or reject any RFQ and to annul the procurement process and reject all RFQs at any time prior to Contract Award, without thereby incurring any liability to Bidders/Applicants.
9. For Quotation Document and Other Information please visit www.dhanaujimun.gov.np or contact to Dhanauji Rural Municipality, Dhanauji, Dhanusha.

**Chief Administrative Officer**

# दिनेश त्रिपाठीलाई कुटेको आरोपमा ३ जनाविरुद्ध मुद्दा दर्ता

टुडे समाचारदाता

काठमाण्डु । वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीलाई कुटपिट गर्ने तीन जनाविरुद्ध ज्यान मार्ने उद्योग कसुरमा मुद्दा दर्ता भएको छ ।

प्रहरी वृत्त सिंहदरबारको अनुसन्धान प्रतिवेदनको आधारमा जिल्ला सरकारी वकिल कार्यालय काठमाण्डुले जिल्ला अदालत काठमाण्डुमा मुद्दा दर्ता गरेको छ ।



दोलखाको तामाकोशी गाउँपालिका-१ का ४८ वर्षीय ललितकुमार केसी, हुम्लाको अदानचुली गाउँपालिका-४ घर भएका ३२ वर्षीय महानन्द जैसी र झापाको बुद्धशान्ति गाउँपालिका-४ घर भएकी ५५ वर्षीया सितल राई भनिने सीतादेवी राईविरुद्ध मुद्दा दायर भएको छ ।

प्रतिवादीमध्ये जैसी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जुम्लाको उपसभापति रहेका समेत खुलेको छ । जैसीले वरिष्ठ अधिवक्त त्रिपाठीमाथि कुनै किसिमको आक्रमण आफूले नगरेको दाबी गरेका छन् ।अर्का प्रतिवादी केसीले भने आफू सहकारी पीडित रहेको बताएका छन् । मेरो ग्रेट गंगासागर सहकारीमा आफूले जम्मा गरेको २१ लाख रुपैयाँ बचत फिर्ता नभएको उनले बताएका छन् । जसकारण सहकारीको नाम सुन्नासाथ आफू आक्रोशित हुने गरेको भन्दै केसीले प्रहरीसमक्ष बयान दिएका छन् ।

अर्का प्रतिवादी राईले भने आफू कुनै पनि संघसंस्था तथा पार्टीमा आबद्ध नरहेको बताएकी छिन् । राईले पनि त्रिपाठीमाथि कुनै हातपात नगरेको दाबी गरेको छ ।

मुलकी फौजदारी अपराध संहिताको दफा १८३ मा ज्यान मार्ने उद्योगको कसुर गर्न नहुने उल्लेख छ । सो कसुर गर्नेलाई १० वर्षसम्म कैद र १ लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको छ ।

# दिनहुँ १५ जना बालबालिका बेपत्ता

**पछिल्लो राष्ट्रिय बाल अधिकार परिषद्का सूचना अधिकारी रामबहादुर चन्दका अनुसार तीन वर्षमा देशभरबाट करिब १७ हजार ६२ जना बालबालिकाहरु बेपत्ता भएका छन् भने यस अवधिमा करिब १६ हजार ९ सय ७९ जनालाई परिवारको जिम्मा लगाइएको छ ।**

टुडे समाचारदाता

जनकपुरधाम । नेपालबाट प्रत्येक दिन बालबालिकाहरू बेपत्ता हुने गरेका तथ्या सार्वजनिक भएको छ । सामाजिक सञ्जालदेखि सञ्चारमाध्यममा बालबालिकाहरू हराएका घटना प्रायः सार्वजनिक हुने गरेको छ ।

नेपालमा दैनिक १५ जना बालबालिकाहरू बेपत्ता हुने गरेको तथ्यांक छ। पछिल्लो राष्ट्रिय बाल अधिकार परिषद्का सूचना अधिकारी रामबहादुर चन्दका अनुसार तीन वर्षमा देशभरबाट करिब १७ हजार ६२ जना बालबालिकाहरू बेपत्ता भएका छन् भने यस अवधिमा करिब १६ हजार ९ सय ७९ जनालाई परिवारको जिम्मा लगाइएको छ।

आर्थिक वर्ष ०७८/०७९ मा ४ हजार ६ सय ४६ जना बालबालिकाहरू हराएका थिए । जसमा १ हजार २ सय १५ बालक थिए भने ३ हजार ४ सय ३१ बालिका रहेका थिए । त्यस्तै ०७९/०८० मा १ हजार ६ सय १ जना बालक हराउँदा ४ हजार २ सय २५ जना बालिका गरी करिब ५ हजार ८ सय २६ जना हराएका थिए ।

त्यसैगरी ०८०/०८१ मा १ हजार ८ सय २९ जना बालक र ४ हजा ७ सय ६१ जना बालिका गरेर करिब ६ हजार ५ सय ९० जना बालबालिकाहरू हराएका थिए ।

आर्थिक वर्ष ०७८/०७९ मा १ हजार १ सय ५७ बालक भेटिएका थिए भने ३ हजार २ सय ४० जना बालिका भेटिएका थिए ।

त्यस्तै, ७९/८० मा १ हजार ४ सय ३७ जना बालकलाई परिवारको जिम्मा लगाइएको थियो भने ५ हजार ३ सय १४ बालिका पनि भेटिएका थिए। त्यसैगरी ०८०/०८१ मा १ हजार ६ सय ४९ जना बालक भेटिँदा ४ हजार १ सय ८२ जना बालिका भेटिएका थिए ।

### छ महिनामा हराए ३ हजार ६ सय ९८ बालबालिका



आर्थिक वर्ष २०८१/८२ को छ महिनाको अवधिमा ३ हजार ६ सय ९८ बालबालिका हराएका छन् । नेपाल प्रहरीको तथ्यांक अनुसार यो अवधिमा हराएका बालबालिकामध्ये ३ हजार १ सय ६ जना फेला परेका छन् ।

प्रहरीको केन्द्रीय कार्यालयले सार्वजनिक गरेको तथ्यांकमा सबैभन्दा धेरै मधेशमा बालबालिका हराउने गरेका छन्। मधेशमा ६४५ बालिका र १२१ बालक हराएका छन् । जसमध्ये २ सय ३९ बालबालिका अझै भेटिएका छैनन् ।

हराएका मध्ये २ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ। सात प्रदेश र काठमाडौं उपत्यका गरी ५९० बालबालिका अझै नभेटिएको प्रहरीले जनाएको छ ।

### किन र कहाँ हराउँछन् बालबालिका ?

पढ्ने, लेख्ने, खेल्ने र रमाउने उमेरमा बालबालिकाहरू साथीको लहैलहैमा लागेर सहर छिरेर हराउने गर्छन् । घरको आर्थिक अवस्थ, घरायसी विवादबाट आक्रान्त भएपछि बालबालिकाले घर छोड्ने गरेका छन् ।

नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायव महानिरीक्षक दिनेश आचार्यले परिवार वा आफन्तले आफ्ना सन्तान हराएको उजूरी दिने र पाइसके पछि सन्तान भेटिएको खबर नदिने गरेकोले पनि कहिलेकाहिँ अफ्ट्यारो अवस्था सिर्जना हुने गरेको बताए ।

अशिक्षा, जनचेतनाको अभाव, मानव तस्करी, यौनजन्य दुर्व्यवहार, बेचबिखन, आर्थिक प्रलोभन, गरिबी, बेरोजगारी, असुरक्षाका कारण प्रत्येक वर्ष बालबालिका हराउने क्रम बढ्दो देखिएको उनले बताए ।

'बालबालिकाहरू भारतमा बेच्ने हिसाबले बेपत्ता हुने वा पारिने घटना भने कमै हुने गरेको छ। सीमा क्षेत्रमा सुरक्षा निकायका विभिन्न चरणहरू छन्। त्यहाँ रहेका हरेक गतिविधि हाम्रा निगरानीमा रहेका हुन्छन्। बालबालिका वा नयाँ मान्छे देखिएमा वा हामीलाई शंका लागेमा हामीले अनुसन्धान गर्छौं', आचार्यले भने, 'देश भित्रै विभिन्न स्थानमा बालबालिकाहरू लुक्ने वा श्रम गरिरहेको अवस्था चाहिँ छ ।'

कतिपय अवस्थामा भने सानै उमेरमा बिहे गर्ने र घर परिवारसँग छलेर हिँड्ने गरेको पनि उनले बताए। आचार्यले अभिभावकहरूलाई आफ्ना सन्तानहरूमाथि पूर्ण अभिभावकत्व निर्वाह गर्न अनुरोध गर्छन् ।

रार्ष्ट्रय बाल अधिकार परिषद्का सूचना अधिकारी चन्दले बेपत्ता भएका बालबालिकाहरू आफूहरूसँग भएको पैसा सकिएपछि कोही सडकमै भेटिने गरेको सुनाए। कोही भने होटल रेष्टुरेन्टमा काम गरिरहेको अवस्थामा पनि देखिने गरेको बताउँछन् ।

सबै हराएका बालबालिकाहरू गम्भीर समस्यामा नै हुन्छन् भन्ने चाहिँ नभएको चन्दले बताए । कहिलेकाहिँ स्कुलबाट ढिलो हुँदा वा कतै साथीहरूसँग खेल्दा पनि ढिलो हुन्छ। यस्तो अवस्थामा बुबा आमा वा आफन्तले प्रहरीको १०० नम्बर वा बालबालिका खोजतलास केन्द्रको १०४ नम्बरमा खबर गर्ने गरेको उनले बताए ।

उनले हरेक सन्तानलाई पारिवारिक वातावरणमा हुर्काउनुपर्ने बताए ।

# स्तरवृद्धिको माग गर्दै कविलासी नगरपालिकामा तालाबन्दी

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको कविलासी नगरपालिकाका १४ जना कर्मचारीहरूले स्तरवृद्धिको माग गर्दै कार्यालयमा तालाबन्दी गरेर अनिश्चितकालका लागि धर्नामा बसेको छ ।

मधेश प्रदेश सरकार स्थानीय सेवा गठन तथा संचालन ऐन २०८१ को दफा २९ को उपदफा १/२ बमोजिम स्थानीय तहका कर्मचारीको स्तर/तह वृद्धि गर्ने कानुन मधेश प्रदेश सरकारले चालू आ. व. को भदौ ७ गते पारित भए बमोजिम सोहि ऐन अनुसार कविलासी नगरपालिकाको कार्यपालिका बैठकले योग्यता पुगेका नगरपालिकामा कार्यरत कर्मचारीहरूको स्तरवृद्धि गर्ने भनी पुस ९ गते कार्यपालिकाको बैठकबाट समेत निर्णय गरि पास गरि सकेको छ ।




यद्यपि नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजकिशोर महतो र नगर प्रमुख ब्रहम्देव राय संग पटक-पटक कुरा हुदा स्तरवृद्धिको माग गर्दा आफूहरुलाई आश्वासन मात्रै दिएको बताए ।

कर्मचारीको स्तरवृद्धि गर्न कुनै पहल नगरेपछि आफुहरू बुधबार देखि कार्यालयमा तालाबन्दी गरेर अनिश्चितकालीन धर्नामा बस्न बाध्य भएको प्राविधिक सहायक रामवचन रायले गुनासो गरे ।

त्यस्तै आफुहरूको मागलाई तुरुन्तै पूरा गरेन भने आफूहरूको आन्दोलन लगातार जारी रहने जनस्वास्थ्य निरिक्षक राजेश कुमार महतोले बताए। यस कार्यालयमा कार्यरत १४ जना कर्मचारीहरुको स्तरवृद्धि नहुदा कर्मचारीहरुको मनोबल कम भएको छ ।

राज्यले निर्धारण गरेको र कानुन समेत बनाएर प्रदेश सरकारले कार्यान्वयन गर्न आदेश जारी गरे पनि कविलासी नगरपालिकाले स्तरवृद्धि नगरी दिँदा यहाँ कार्यरत कर्मचारीहरु दुख भोग्न बाध्य भएको जनस्वास्थ्य निरिक्षक संजिव साहले बताए ।

# नालामा शिशुको शव फेला

टुडे समाचारदाता

वीरगञ्ज । वीरगञ्जमा एक नवजात शिशुको शव भेटिएको छ ।

वीरगञ्ज महानगरपालिका वडा नम्बर १० स्थित आदर्शनगरमा ग्रिनसिटी सामुदायिक प्रहरीको बिट नजिक रहेको नालामा करिब ७ महिनाको जस्तो देखिने बालकको शव फेला परेको छ ।

राति करिब ८ बजेर २० मिनेटमा स्थानीयले बालकको शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । प्लास्टिकमा बेरेर फ्याँकिएको अवस्थामा वडा प्रहरी कार्यालय वीर्ता र जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले शव फेला पारेको थियो ।

शव परीक्षणका लागि नारायणी अस्पताल वीरगञ्जमा पठाइएको जनाइएको छ । परीक्षणपछि मात्र शिशुको शवबारे थप जानकारी आउन सक्ने पर्सा प्रहरीका प्रवक्ता डीएसपी किशोर लम्सालले जनाए ।

# सिरहाका मेयरको गुनासो



टुडे समाचारदाता

लहान । सिरहाको सिरहा नगरपालिकाका मेयर नवीनकुमार यादवले आफ्ना शहीद बुवाको न्यायका लागि आफ्नै पार्टीले ध्यान नदिएको गुनासो गरेका छन् । नेकपा एमाले सिरहाले आयोजना गरेको २१ औं स्मृति सभामा उनले बुवाको हत्यारालाई कारबाही नगरेको गुनासो गरेका थिए ।

आफ्नो पार्टी एमाले पटक-पटक सरकारमा गए पनि आफ्ना बुवा हेमनारायण यादवको हत्या घटनाका दोषीलाई कारबाही हुने भनेर सधैं आश्वासन मात्रै पाउने गरेको उनले गुनासो गरे । अहिलेसम्म पनि न्याय नपाउँदा आफ्नो परिवार थप मर्माहत बनेको उनले बताए ।

'बुवाको हत्यापछि विगतमा एमालेका नेताहरूले जे वाचा गर्नुभएको थियो, घटनाको २१ वर्ष भए पनि त्यो अहिलेसम्म पूरा भएन,' उनले भने, 'एक सहिद परिवारको हिसाबले यसप्रति म दुःख व्यक्त गर्न चाहन्छु, म निराश भए ।'

प्रदेशदेखि केन्द्रसम्म एमालेकै सरकार भए पनि दोषीलाई किन कारबाही हुन नसकेको भन्दै उनले एमालेका केन्द्रीय नेताहरूलाई प्रश्नसमेत गरे ।

मेयर यादवका पिता हेमनारायण यादवको २०६१ माघ १९ गते अपहरण गरी हत्या गरिएको थियो । उनी २०५६ सालमा सिरहाबाट सांसद निर्वाचित भएका थिए ।

# भाईलाई कुटेरै हत्या गर्ने दाई २० वर्ष पछि पक्राउ

टुडे समाचारदाता

राजविराज । २० वर्ष अघि भाईलाई कुटपीट गरी हत्या गरेर फरार रहेका दाईलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ ।



विशेष सुराकीको आधारमा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटेको टोलीले मंगलववार साँझ महादेवा गाउँपालिका २ निवासी ६० वर्षिय गणेशी रजकलाई पक्राउ गरेको छ ।

उनीमाथि आफ्नै भाई उमेश रजकलाई कुटेरै हत्या गरेको आरोप छ । अघिल्लो दिन साँझ पक्राउ परेका गणेशी रजकबारे प्रहरीले बुधवार विस्तृत विवरण सार्वजनिक गरेको छ ।

प्रहरीका अनुसार २०६१ साल माघ १ गते दाजु/भाईबीच भएको भै झगडाका क्रममा दाई गणेशीले भाई उमेशलाई निर्घात कुटपिट गरेका थिए । घटनाको भोली पल्ट उपचार कै क्रममा उमेसको मृत्यु भएको थियो । घटना पछी गणेशी फरार भएका थिए । हत्याको लामो समय बितिसकेको र प्रहरीले पनि खासै चासो न राखेको अनुमान सहित केही समय यता गणेशी खुला रुपले जीवनयापन गरिरहेका थिए । तर सो बारे जानकारी पाउन साथ प्रहरीले सप्तरी जिल्ला अदालतबाट पक्राउ पुर्जी अनुमती लिई गाउँबाटै उनलाई नियन्त्रणमा लिएको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले बताए ।

बुधवार नै सप्तरी जिल्ला अदालतबाट कर्तव्य ज्यान मुदामा ७ दिनको म्याद लिएर थप अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# जड्याहाले दुःख दिन थालेको भन्दै महिलाहरुद्वारा ध्यानाकर्षण




टुडे समाचारदाता

राजविराज । राजविराज नगरको गल्ली गल्लीमा खुलेका मदिरा पसलका कारण महिलाहरुलाई सो बाटो भएर हिड्न समस्या र असुरक्षा भएको भन्दै यसको उचित व्यवस्थापन गर्न माग गरिएको छ ।

तराई मधेश महिला फाउण्डेशन नेपाल सप्तरी अध्यक्ष सुनिताकुमारी साहको अगुवाईमा बुधबार महिलाहरुको एक टोलीद्वारा राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविनलाई ध्यानाकर्षण पत्र बुझाई यस्तो माग गरिएको हो ।

"नगरका मुख्य बजार मेनरोडमा मात्र नभई भित्री सडक र गल्लि गल्लिमा जथाभावी खुलेका मदिरा पसलका कारण हामी महिलालाई साँझ र राती होइन, दिउँसो पनि हिड्डुल गर्न समस्या छ, अध्यक्ष साहले भनिन्, जड्याहाहरुका कारण हामी महिला असुरक्षित बन्दै गएपछि यसको निगरानी र उचित व्यवस्थापनका लागि नगर प्रमुखलाई ध्यानाकर्षण पत्र बुझाएका छौं ।"

यसरी जथाभावी खोलिएका मदिरा पसलबाट मातेर निस्कने गरेका व्यक्तिहरुले महिलाहरुलाई जिस्क्याउने, असभ्य भाषाको प्रयोग गर्ने र समाजको वातावरण नै बिगार्ने गरेको भन्दै ध्यानाकर्षण पत्र मार्फत त्यसको अनुगमन र मदिरा पसललाई जथाभावी दिइने इजाजत पत्र बारे पुर्नमुल्याङ्कन गरिनु पर्ने आवश्यकता औल्याइए ।

सो ध्यानाकर्षण पत्रमा मदिरा पसल खोल्ने र बन्द गर्ने समय सीमाको निर्धारण गरिनु पर्ने माग समेत गरिएको छ । ध्यानाकर्षण पत्र बुझ्दै कार्यवाहक नगर प्रमुख परविनले यसबारे आफूले कडाईका साथ अनुगमन र समाधानको प्रयास गर्ने प्रतिबद्धता जनाएको फाउण्डेशनले जनाएको छ ।

# स्रोत नखुलेको सात लाख रुपैयाँसहित एकजना पक्राउ

टुडे समाचारदाता

वीरगञ्ज । पर्साको वीरगञ्जबाट अवैध रकमसहित प्रहरीले एक जनालाई नियन्त्रणमा लिएको छ ।

जिल्लाको वीरगञ्जको आदर्शटोलबाट प्रहरीले विन्दवासिनी गाउँपालिका वडा नम्बर ३ झौवाका ४३ वर्षका अजयकुमार



साहलाई नगद ७ लाख रुपैयाँसहित नियन्त्रणमा लिएको छ ।

सुरक्षा जाँच गर्नेक्रममा उनीसँग रकम भेटिएको र उक्त रकमको स्रोत खुलाउन नसकेकाले नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको पर्साका प्रहरी नायब उपरीक्षक किशोर लम्सालले जनाए ।

# संसदीय मामिला पत्रकार समाज मधेश प्रदेश अध्यक्षमा रमण



टुडे समाचारदाता

जनकपुरधाम । संसदीय मामिला पत्रकार समाज मधेश प्रदेशको अध्यक्षमा वीरेन्द्र रमण सर्वसम्मत रुपमा निर्वाचित भएको छ ।

जनकपुरधाममा बुधबार समाजको भेलाबाट नयाँ कार्यसमिति गठन गरिएको छ । ११ सदस्यीय कार्यसमितिको उपाध्यक्षमा हद्दिश खुद्दार, सचिवमा विकास साह, सह-सचिवमा कमलेश ठाकुर, कोषाध्यक्षमा लक्ष्मी चौधरी रहेका छन् भने सदस्यहरुमा नवीन सिंह, राजा झा, माला राय, चाँदनी झा, संजय साह र संजय यादव रहेका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८